# नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन
# २०८१

**केन्द्रीय बाल न्याय समितिको सचिवालय**
श्रीमहल, पुल्चोक, ललितपुर, नेपाल

**लेखन तथा  सम्पादन** : पूर्व जिल्ला न्यायाधीश धर्मराज पौडेल
**सम्पादन सहजीकरण समूह** : विमल रेग्मी, विधान खनिया, महेश भट्टराई
**तथ्याङ्क तालिकीकरण** : जेनी श्रेष्ठ
**सहयोग** : सविन ढुंगेल, नारायणी रेग्मी
**प्रकाशक** : केन्द्रीय बाल न्याय समितिको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर
**प्रति** :
**आर्थिक सहयोग** : unicef
**सर्वाधिकार** : केन्द्रीय बाल न्याय समितिको सचिवालयमा
**प्रकाशन मिति** : २०८१
**लेआउट / डिजाइन** :

## सारसंक्षेप

केन्द्रीय बाल न्याय समितिको सचिवालयले बाल इजलास सञ्चालन भएका विभिन्न जिल्ला अदालतसँग समन्वय गरी कसूरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाको प्रकृति, संख्या, कसूरजन्य कार्यमा संलग्न बालबालिकाको संलग्नतासम्बन्धी उमेर समूहअनुसारको विवरण संकलन गर्ने गर्दछ। बालबालिकासम्बन्धी मुद्दाको विवरण संकलन गर्ने क्रममा नेपालमा सञ्चालित ९ वटा बाल सुधार गृहमा रहेका बालबालिकासम्बन्धी विवरणसमेत संकलन गरी गत विगत वर्षको अनुपातमा आर्थिक वर्ष २०८०/०८१मा बालबालिकासम्बन्धी मुद्दाको अवस्था के कस्तो रहेको छ भनी अध्ययन गर्नको लागि सहजीकरण गर्ने उद्देश्यले बाल न्यायसँग सम्बद्ध निकायहरूबाट सचिवालयमा प्राप्त भएका तथ्याङ्क सहितको विवरण अद्यावधिक र विश्लेषण गरी **नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०८१** प्रकाशनमा ल्याएको छ। स्थिति प्रतिवेदनको सारसंक्षेप देहायका अनुच्छेदमा प्रस्तुत गरिएको छ :-

आर्थिक वर्ष २०८०/०८१ मा बाल इजलास सञ्चालनमा रहेका विभिन्न जिल्ला अदालतमा जम्मा ३५९४ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दा दर्ता भएको देखिन्छ। यो संख्या गत आ.व.२०७९/०८० को दर्ता संख्या २९८४ वर्षभन्दा ६१० थानले बढी रहेको छ। प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी क्रमश: बागमती प्रदेशमा ७९४ थान र सोही ७९४थान संख्यामा मधेश प्रदेशमा, कोशी प्रदेशमा ७६२ थान, लुम्बिनी प्रदेशमा ४६७ थान, सुदूर पश्चिम प्रदेशमा ३१४ थान, गण्डकी प्रदेशमा २४६थान, कर्णाली प्रदेशमा २१७थान मुद्दा दर्ता भएको देखिन्छ। गत आर्थिक वर्षमा जस्तै यस आर्थिक वर्षमा पनि काठमाडौं जिल्ला अदालतमा कसूरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाहरू सबैभन्दा बढी ३६५थान दर्ता भएको देखिन्छ। गत आर्थिक वर्षमा जस्तै यस वर्षमा पनि गण्डकी प्रदेशको मनाङ जिल्लामा बालबालिकासम्बन्धी कुनै मुद्दा दर्ता भएको देखिँदैन।

जिल्लागत रूपमा हेर्दा यस प्रकृतिका १०० थानभन्दा बढी संख्यामा मुद्दा दर्ता भएका अदालतहरूमा १०वटा जिल्ला अदालत क्रमश: काठमाडौं जिल्ला अदालतमा सबैभन्दा बढी ३६५ थान, मोरङ जिल्ला अदालतमा ३१० थान, धनुषा जिल्ला अदालतमा २२० थान, सुनसरी जिल्ला अदालतमा १८९ थान, कैलाली जिल्ला अदालतमा १६० थान, सिराहा जिल्ला अदालतमा १५७ थान, बाँके जिल्ला अदालतमा १४२थान, सर्लाही जिल्ला अदालतमा १२६ थान, रूपन्देही जिल्ला अदालतमा १०९ थान र पर्सा जिल्ला अदालतमा १०१ थान मुद्दा दर्ता भएको देखिन्छ। यस प्रकृतिका मुद्दाहरू १०० थानभन्दा कम ५० थानभन्दा बढी मुद्दा दर्ता भएका ११ जिल्ला अदालतहरू क्रमश: झापा, ललितपुर, सिन्धुली, तनहूँ, कास्की, कञ्चनपुर, बर्दिया, बारा, रौतहट, मकवानपुर र सुर्खेत जिल्ला अदालत रहेका छन्।५०

थानभन्दा कम र १०थानभन्दा बढी संख्यामा मुद्दा दर्ता भएका ३७ जिल्ला अदालत क्रमश: भक्तपुर, कपिलवस्तु, चितवन, धादिङ, महोत्तरी, सल्यान, उदयपुर, जुम्ला, सप्तरी, नवलपरासी, रूकुम, स्याङजा, काभ्रेपलाञ्चोक, भोजपुर, खोटाङ, पाँचथर, दैलेख, पाल्पा, प्यूठान, म्याग्दी, गोरखा, नवलपुर, अछाम, दार्चुला, कालिकोट, इलाम, बाजुरा, बागलुङ, नुवाकोट, जाजरकोट, ताप्लेजुङ, वैतडी, डडेल्धुरा, दाङ, रामेछाप, संखुवासभा, सोलुखम्बु जिल्ला अदालत रहेका छन्।१०थानभन्दा कम संख्यामा यस प्रकृतिका मुद्दा दर्ता रहेका १८ जिल्ला अदालत क्रमश: अर्घाखाँची, तेह्रथुम, मुगु, धनकुटा, ओखलढुङ्गा, बझाङ, रोल्पा, हुम्ला, गुल्मी, लमजुङ, सिन्धुपाल्चोक, दोलखा, रसुवा, रूकुम पूर्व, पर्वत, डोटी, डोल्पा, मुस्ताङ जिल्ला अदालत रहेको देखिन्छ। बालबालिका संलग्न रहेको कुनै मुद्दा गत आर्थिक वर्षझैं यस आर्थिक वर्षमा मनाङ जिल्ला अदालतमा दर्ता नरहेको तथ्याङ्कबाट पुष्टि हुन्छ।

आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न जिल्ला अदालतमा जम्मा ३५९४ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दा दर्ता भएकोमा जम्मा १९८५ थान अर्थात ५५.२३ प्रतिशत मुद्दाहरू फैसला भएको र १६०९ थान अर्थात ४४.७६ प्रतिशत मुद्दाहरू फैसला हुन बाँकी रहेको देखिन्छ। जम्मा मुद्दामा २६२ थान अर्थात ७.२८ प्रतिशत मुद्दाको विवरण खुल्न नसकेको अवस्था छ। फैसला भएका जम्मा १९८५ थान मुद्दा मध्ये कैदको सजाय वापत २१२ जना बालबालिकालाई बाल सुधार गृहमा पठाइएको, ५४ थान मुद्दामा जरिवानाको सजाय भएको, २९५ थान मुद्दामा कैद तथा जरिवाना दुवै ठहर भएको, अभियोग दावी पुग्ने र आंशिक रूपमा अभियोग दावी पुग्ने ठहर भएका मुद्दाको संख्या ४२४ थान रहेको, जम्मा ४८७ थान मुद्दामा सफाइ पाउने ठहर भएको हुँदा अभियोग दावी नपुगेको, १२२ थान मुद्दामा सजाय स्थगन ठहर भएको, ३५ थान मुद्दाका बालबालिकाहरूलाई अभिभावकको जिम्मामा छाडिएको, २६२ थान मुद्दाको विवरण खुल्न नसकेको अवस्था छ भने ९३ थान मुद्दाको प्रकृति परिवर्तन गरिएको देखिन्छ।

बाल इजलास सञ्चालन भएका विभिन्न जिल्ला अदालत मध्येमा जम्मा ३५९४ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दा दर्ता भएकोमा सो-संख्याका मुद्दामा आरोपित बालबालिकाको जम्मा संख्या ४४५२ जना रहेको देखिन्छ। आरोपित यी बालबालिकामध्ये उमेरगत आधारमा हेर्दा कसूरजन्य कार्यको आरोप लागेका १४ वर्षमुनिका बालबालिकाको संख्या २७८ जना रहेको छ। यो संख्या आरोपित जम्मा बालबालिकाको ६.२४ प्रतिशत हो।१४ वर्ष वा सोभन्दा माथि १६ वर्ष उमेर नपुगेका बालबालिकाको संख्या १०८४ जना अर्थात कसूरजन्य कार्यको आरोप लागेका जम्मा बालबालिकाको संख्याको २४.३४ प्रतिशत बालबालिका यो उमेर समूहमा पर्दछन्।१६ वर्ष वा सोभन्दा माथि र १८ वर्ष उमेर नपुगेका बालबालिकाको संख्या २७०८ जना अर्थात कानूनको विवादमा परेका जम्मा बालबालिकाको संख्याको ६०. ८२ प्रतिशत बालबालिका यस उमेर समूहमा पर्न आउँछन्।३४

जना बालबालिकामा उमेरसम्बन्धी विवाद रहेको देखिन्छ भने उमेर समूह नखुलेका बालबालिका ३४८ जना अर्थात आरोपित कूल बालबालिकाको ७.८१ प्रतिशत बालबालिकाको उमेर समूह स्पष्ट नखुलेको अवस्था देखिन आउँछ।

आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न जिल्ला अदालतमा जम्मा ३५९४ थान कसूरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दा दर्ता भएकोमा मुद्दाको संख्या वा परिमाणको आधारमा हेर्दा प्रमुख मुद्दाहरू क्रमश: डाँका चोरीसम्बन्धी ९२६ थान मुद्दामा संलग्न बालबालिका १०८७ जना, करणीसम्बन्धी ७५८ थान मुद्दामा संलग्न बालबालिका ८५५ जना ज्यानसम्बन्धी कसूरजन्य कार्य अन्तर्गतका ४२७ थान मुद्दामा संलग्न बालबालिकाको संख्या ५९० जना रहेको देखिन्छ। त्यसै गरी आपराधिक उपद्रव र अभद्र व्यवहारसम्बन्धी ३९६ थान मुद्दामा ५२९ जना बालबालिका संलग्न रहेको, लागुऔषध मुद्दा संख्या ३५४ मा संलग्न बालबालिका ४११ जना; सवारी ज्यान मुद्दा थान १५७ मा संलग्न बालबालिकाको संख्या १६२ जना रहेको छ। संख्यात्मक रूपमा विवाहसम्बन्धी मुद्दा ९२ रहेकोमा त्यसमा ११३ जना बालबालिका संलग्न रहेको, बालयौन दुरूपयोग तथा अप्राकृतिक मैथुन मुद्दा ८१ थान रहेकोमा संलग्न संख्या ८६ जना, कुटपिट अंगभंग मुद्दा ६२ थान रहेकोमा ८४ जना बालबालिका संलग्न रहेको देखिन्छ। आर्थिक तथा ठगी मुद्दा २८ थानमा जम्मा ३६ जना बालबालिका आरोपित रहेको अवस्था छ। वनसम्बन्धी कसूरजन्य कार्यका ३२ थान मुद्दामा ५७ जना बालबालिका संलग्न रहेको अवस्था छ। अपहरण शरीर बन्धक तथा मानव बेचबिखन मुद्दा २९ थान रहेकोमा त्यसमा ३२ जना बालबालिका कसूरजन्य कार्यलाई संलग्न रहेको र माथिको विवरणमा समावेश नभएका कसूरजन्य कार्यलाई विविध मुद्दामा वर्गीकरण गर्दा २५२थान रहेकोमा त्यसमा संलग्न बालबालिकाको संख्या ४१० जना रहेको देखिन्छ।

आर्थिक वर्ष २०८०/०८१ मा नेपालमा सञ्चालनमा रहेका ९ वटा बालसुधार गृहहरू डोटी, पर्सा, रूपन्देही, मकवानपुर, जयन्दु, बाँके, मोरङ, कास्की, नौबस्ता बाँके, र भक्तपुरमा जम्मा १४६४ जना बालबालिका तथा किशोर किशोरी विभिन्न मुद्दामा संलग्न रहेको आधारमा हेर्दा प्रमुख मुद्दाहरू क्रमश: करणीसम्बन्धी कसूरजन्य कार्यमा बालक तथा किशोर ८०७ जना र बालिका तथा किशोरी ४ जना गरी जम्मा ८११ जना, ज्यानसम्बन्धी कसूरमा बालक तथा किशोर २०८ जना, बालिका तथा किशोरी २३ जना गरी जम्मा २३१ जना, चोरीडाँका तथा हातहतियारसम्बन्धी कसूरजन्य कार्यमा बालक तथा किशोर २०० जना र बालिका तथा किशोरी २ जना गरी जम्मा २०२ जना संलग्न रहेको देखिन्छ। लागुऔषधसम्बन्धी कसूरमा बालक तथा किशोर १०७ जना, बालिका तथा किशोरी ५ जना गरी जम्मा ११२ जना, सवारी ज्यानसम्बन्धी कसूरजन्य कार्यमा बालक तथा किशोर ४५ जना संलग्न रहेका छन्। अपहरण तथा मानव बेचबिखनसम्बन्धी कसूरजन्य कार्यमा बालक तथा किशोर १६ जना र बालिका तथा किशोरी ३ जना गरी १६ जना, बालविवाह तथा बहुविवाह जस्ता विहावरीसम्बन्धी कसूरमा बालक तथा किशोर २ जना,

आपराधिक उपद्रव, अभद्र व्यवहार, आपराधिक लाभसम्बन्धी कसूरजन्य कार्यमा बालक तथा किशोर ५ जना संलग्न रहेको, विद्युतीय कारोवारसम्बन्धी कसूरजन्य कार्यमा बालक तथा किशोर ३ जना र माथि उल्लिखित वर्गमा नपरेका कसूरलाई विविध शीर्षकमा वर्गीकरण गर्दा ३७ जना बालक तथा किशोर विविध प्रकृतिका कसूरजन्य कार्यमा संलग्न रहेको देखिन्छ।

बाल सुधार गृहमा रहेका बालबालिकाहरूलाई उमेर समूह अन्तर्गत वर्गीकरण गरी हेर्दा १४ वर्ष उमेर नपुगेका बालक ३३ जना रहेका छन् भने यो उमेर समूहका बालिका बाल सुधारगृहमा रहेको देखिँदैन।१४ वर्ष वा सोभन्दा माथि र १६ वर्ष उमेर नपुगेका बालक १९३ जना र बालिका ३ जना, १६ वर्ष वा सोभन्दा माथि र १८ वर्ष उमेर नपुगेको उमेर समूहका बालक ६७० जना र बालिका १६ जना तथा १८ वर्ष उमेर पुगेका किशोर ५३१ जना र किशोरी १८ जना बाल सुधार गृहमा रहेको देखिन्छ। बालसुधार गृहमा रहेका बालबालिका र किशोर किशोरीको संख्या तुलनात्मक रूपमा हेर्दा आर्थिक वर्ष २०७९/०८० मा सञ्चालनमा रहेका ८ वटा बाल सुधार गृहमा १०९९ जना बालबालिका तथा किशोर किशोरी रहेकोमा आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालनमा रहेका ९ वटा बाल सुधार गृहमा १४६४ जना बालबालिका तथा किशोर किशोरी रहेको देखिन्छ। अघिल्लो आर्थिक वर्षभन्दा यो आर्थिक वर्षमा बाल सुधार गृहमा रहेका बालबालिका तथा किशोर किशोरीको संख्या ३६५ जना बढी अर्थात गत आर्थिक वर्षभन्दा यस वर्ष २४.९३ प्रतिशतले बढेको तथ्याङ्कबाट देखिएको छ। बाल न्यायको स्थितिसम्बन्धी यस प्रतिवेदनमा नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५ र पक्ष राष्ट्रको रूपमा नेपालले अनुमोदन गरेको बाल अधिकारसम्बन्धी महासन्धिद्वारा प्रत्याभूत बाल अधिकारको संरक्षण गर्न बालबालिकाको सर्वोत्तम हित प्रवर्द्धनका लागि श्री सर्वोच्च अदालतबाट प्रतिपादन भएका महत्त्वपूर्ण न्यायिक सिद्धान्त तथा आदेशको संक्षेपीकृत अंश समावेश गरिएको छ।

# केन्द्रीय बाल न्याय समितिको सचिवालय

पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
चलानी नं:

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५४४२५६८, ०१-५४४२४५७
website:: www.cjcc.gov.np
www.supremecourt.gov.np
email: info@cjcc.gov.np


## मन्तव्य

बाल्यकाल मानिसको व्यक्तित्व निर्माणको शैशव अवस्था हो । बालबालिका स्वभाविक रुपमा शारीरिक र मानसिक दृष्टिले अपरिपक्व र निर्दोष हुन्छन् तथापि परिवार, समाज र साथी संगतिको कारण कानूनको विवादमा पर्ने गरेका घटना नियमित आकस्मिकता जस्तै बनेका छन् । कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई उमेर पुगेका वयस्क व्यक्ति सरह नभई फौजदारी न्याय प्रणालीभन्दा पृथक रुपमा व्यवहार गर्नु पर्ने बाल न्यायको मुख्य अभिष्ट हो। बाल न्याय प्रणाली दण्ड प्रधान नभई कानूनको विवादमा परेका तथा पीडित बालबालिकामा सुधार र पुनर्स्थापना गरी राष्ट्रका लागि उपयोगी नागरिकमा रुपान्तरण गर्नु पर्ने मान्यता बाल अधिकार सम्बन्धी महासन्धि,१९८९ लाई १४ सेप्टेम्बर १९९० तदनुसार मिति २०४७।०५।२९ मा नेपालले अनुमोदन गरी पक्ष राष्ट्रको रुपमा रहेदेखि नै अवलम्बन गरी आएको छ । बाल न्यायको सन्दर्भमा प्रमुख सरोकारवाला निकाय अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्यायिक निर्णय गर्ने अधिकारीले समेत बालबालिकाको मानवीय मर्यादा र बाल अधिकारको संरक्षण र कदर गर्नु पर्छ ।

बाल अधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र बनेपछि नेपालमा जारी भएको बालबालिका सम्बन्धी ऐन, २०४८ मिति २०५०।०१।०१ देखि कार्यान्वयनमा आउँदा सोह्र वर्ष उमेर नपुगेको व्यक्ति बालबालिकामा गणना हुने कानूनी व्यवस्था थियो । नेपालको संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने गरी मौलिक हकको प्रत्याभूति गरेपछि मिति २०७५।०६।०२ देखि कार्यान्वयनमा आएको बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकालाई अठार वर्ष उमेर नपुगेको व्यक्तिको रुपमा परिभाषित गरेको हुँदा सोह्र वर्ष माथि र अठार वर्ष नपुगेको उमेर समूहका बालबालिका कसूरजन्य कार्यको आरोप लागेका बालबालिकामध्ये बढी संख्यामा संलग्न रहेको देखिन्छ । बालबालिकालाई सुदूर भविष्यसम्म कुशल र सक्षम नागरिकको रुपमा विकास गर्नु परिवार, समाज र राज्यको कर्तव्य हो । बालबालिकाले कानून उल्लङ्घनको बाटो अँगाले भने परिवार र समाजले आफ्नो कर्तव्य पूरा नगरेको मानिन्छ । बालबालिकाको संरक्षण र विकासको लागि पहिलो पाठशाला नै घर परिवार भएकोले उनीहरुको आवश्यकता र आकांक्षा अनुकूल बालमैत्री वातावरण सृजना गर्न सकिएन भने कानूनको विवादमा पर्ने सम्भावना बढेर जान्छ ।

कसूरजन्य कार्यको आरोप लागेका बालबालिका संलग्न रहेका विवादको निरन्तर सुनुवाइका आधारमा सामान्यतया एक सय बीस दिनभित्र न्याय निरुपण गर्नु पर्ने कानूनी प्रवन्धबाट न्यायिक प्रक्रियामा हुने विलम्बले बालबालिकामा पुऱ्याउन सक्ने सामाजिक र मनोवैज्ञानिक असर न्यूनीकरण तर्फ सजग गराएको छ । बाल

# केन्द्रीय बाल न्याय समितिको सचिवालय

पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
चलानी नं:

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५४४२५६८, ०१-५४४२४५७
website:: www.cjcc.gov.np
www.supremecourt.gov.np
email: info@cjcc.gov.np


केन्द्रीय बाल न्याय समिति सचिवालय श्रीमहल, पुल्चोक, ललितपुर २०७५

अनुकूल न्याय सुनिश्चित गरी बालबालिकाको सर्वोत्तम हित प्रवर्द्धन गर्ने बाल न्यायको उद्देश्य साकार पार्न सरोकारवाला सबैको सामुहिक प्रयास आवश्यक देखिन्छ । कानूनको विवादमा परेका बालबालिकालाई सुधार गरी समाजमा पुनर्स्थापना गर्ने उद्देश्यले संस्थागत सुधारका लागि नेपालमा हाल नौ वटा बाल सुधार गृह सञ्चालनमा छन् । तनहुँ जिल्लाको ढकालटारमा थप एक बाल सुधार गृह निर्माणाधीन अवस्थामा छ । कसूरजन्य कार्यबाट पीडित भएको बालबालिकाको तथ्याङ्क स्पष्ट रुपमा संकलन गर्ने र कानूनको विवादमा परेका बालबालिका सुधार अवधि व्यतित गरी बाल सुधार गृहबाट घर फर्केपछि आचरण र व्यवहारमा सुधार आए,नआएको सम्बन्धमा अनुगमन गर्न स्थानीय तहका बाल कल्याण अधिकारीलाई क्रियाशील बनाउन जरुरी छ। बालबालिका सुधार अवधि व्यतित गरेपछि पुन: कानूनको विवादमा पर्न सक्ने सम्भावनालाई रोक्न, पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको पुनर्स्थापना, पारिवारिक पुनर्मिलन, सामाजिक पुन:एकीकरण सम्बन्धी कार्यका लागि पनि सामुहिक प्रयासको खाँचो पर्दछ ।

नेपालको बाल न्याय प्रणालीलाई सुदृढीकरण र विकास गर्ने सम्बन्धमा समन्वयको जिम्मेवारी केन्द्रीय बाल न्याय समितिले प्राप्त गरेको छ । बाल न्याय सम्पादनमा संलग्न हुने निकाय वा आधिकारीबाट सम्पन्न भएका सेवा तथा कार्यको स्तर सम्बन्धी रेखदेख र व्यवस्थापनको काम कारवाही गर्न गराउन संस्थागत रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४६ र बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३० अनुसार गठन भएको विशिष्टीकृत निकायको रुपमा केन्द्रीय बाल न्याय समिति रहेको छ । समितिले आफ्नो स्थापना कालदेखि नै बाल न्यायको क्षेत्रमा क्रियाशील निकायबीच समन्वय गर्दै बाल न्यायको उन्नयनमा नीतिगत सुधार र सहकार्य गर्दै आएको छ ।

समितिको सचिवालयले कसूरजन्य कार्यको आरोपमा संलग्न बालबालिकाको संख्या, कसूरजन्य कार्यको संख्या र प्रकृति, बाल सुधार गृहमा मुद्दा पुर्पक्षको लागि रहेको अवधि, कसूरजन्य कार्य गरेको ठहर भएका बालबालिकाको संख्या, उमेर र लैंगिक पहिचान,संस्थागत सुधारमा रहेका बालबालिकाको संख्या समेतको विवरण सहितको नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन प्रत्येक वर्ष प्रकाशन गर्दै आएको छ । सचिवालयले बाल न्यायको स्थिति प्रतिवेदन तयार गर्ने सिलसिलामा बाल न्याय सम्पादन कार्यमा संलग्न ७७ वटा जिल्ला अदालतमा रहेका विवरणलाई एकीकृत गरी प्राप्त तथ्याङ्कको तालिकीकरण र विश्लेषण सहित **"नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०८१"** प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ । यस प्रतिवेदनले दर्शाएको सरोकारलाई सम्बोधन गरी आगामी दिनमा बाल न्याय प्रणालीलाई थप सक्षम र सुदृढ बनाउने कार्यमा सम्बध्द सबैको सहयोगको अपेक्षा राखेको छु । प्रतिवेदन प्रकाशनले कसूरजन्य कार्यमा संलग्न बालबालिकाको न्यायमा पहुँचको अवस्था र बाल न्याय प्रक्रियाको वस्तुगत यथार्थता उजागर गरेकोले यस विषयमा जिज्ञासा राख्ने विद्यार्थी, शिक्षक,

# केन्द्रीय बाल न्याय समितिको सचिवालय

पत्र संख्याः
प्राप्त पत्र संख्या र मितिः
चलानी नं:

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५४४२५६८, ०१-५४४२४५७
website:: www.cjcc.gov.np
www.supremecourt.gov.np
email: info@cjcc.gov.np


अनुसन्धानकर्ता, कानून व्यवसायी, न्यायाधीश, बाल अधिकारकर्मी, नागरिक समाज, सञ्चारकर्मी तथा अन्तर्राष्ट्रिय संस्थालाई समेत उपयोगी हुनेमा विश्वस्त छु ।


अन्त्यमा, प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्क र विवरण उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सबै जिल्ला न्यायाधीश र कर्मचारीहरु, बाल सुधार गृहमा कार्यरत कर्मचारीहरु, प्राप्त तथ्याङ्क र विवरण संकलन एवं अद्यावधिक गरी तालिकीकरण, लेखन, सम्पादन, प्रस्तुति र विश्लेषण सहित प्रतिवेदन तयारीमा संलग्न सचिवालयका कर्मचारी तथा बाल न्यायको स्थिति प्रतिवेदन प्रकाशनमा सहयोग पुऱ्याउने युनिसेफ नेपाल (Unicef Nepal) लाई धन्यवाद दिन चाहन्छु ।


अध्यक्ष

(तिल प्रसाद श्रेष्ठ)
अध्यक्ष, केन्द्रीय बाल न्याय समिति एवं
माननीय न्यायाधीश, सर्वोच्च अदालत

केन्द्रीय बाल न्याय समितिको सचिवालय

पत्र संख्या:

प्राप्त पत्र संख्या र मिति:

चलानी नं:

केन्द्रीय बाल न्याय समिति सचिवालय श्रीमहल, पुल्चोक, ललितपुर २०७५

श्रीमहल, पुल्चोक, ललितपुर

फोन नं. ०१-५४४२५६८, ०१-५४४२४५७

website:: www.cjcc.gov.np

www.supremecourt.gov.np

email: info@cjcc.gov.np

### मन्तव्य

वर्तमानका बालबालिका भोलिको राष्ट्रका कर्णधार तथा अधिकारको सन्दर्भमा वर्तमानका हिस्सादार पनि हुन्। स्वभावैले बालबालिका जिज्ञासु र उत्साही हुन्छन् तर सामाजिक, पारिवारिक र गलत संगतको कारण कानूनको विवादमा परेका पनि हुन सक्छन्। फौजदारी कानून उल्लङघन गर्ने वयस्क व्यक्तिलाई भन्दा कानूनको विवादमा परेका बालबालिकालाई फरक व्यवहार गरी बाल न्यायका प्रचलित असल अभ्यासलाई अवलम्बन गर्दै बालबालिकाको सर्वोत्तम हित प्रवर्द्धन गर्ने तर्फ बाल न्याय केन्द्रित रहेको छ। बाल न्याय दण्डप्रधान नभई सुधार र पुनस्थार्पनामा जोड दिने न्याय प्रणाली हुनाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिका मात्र होइन त्यस्तो कार्यबाट पीडित भएका बालबालिकाको सुधार, पारिवारिक पुनर्मिलन, सामाजिक पुन: एकीकरण सहित पुनर्स्थापकीय न्याय तर्फ बाल न्यायले प्रेरित गर्दछ। बाल अधिकार सम्बन्धी महासन्धिलाई नेपालले १४ सेप्टेम्बर १९९० तदनुसार मिति २०४७/५/२९मा अनुमोदन गरेपछि सृजना भएको अन्तर्राष्ट्रिय दायित्वलाई समेत मध्यनजर गरी नेपालको न्यायिक प्रक्रियामा बाल न्याय प्रणालीका स्थापित मान्यता समावेश गरी बालबालिका सम्बन्धी ऐन, २०४८ कार्यान्वयन भएको मिति २०५०/१/१ देखि बाल न्याय प्रणाली फौजदारी न्याय प्रणाली भन्दा पृथक न्याय प्रणालीको रुपमा प्रादुर्भाव भएको हो।

बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्न मौलिक हकको रुपमा नेपालको संविधानको धारा ३९ को उपधारा (८) ले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक प्रत्याभुत गरेको छ। बाल न्याय सम्पादन गर्दा निरन्तर सुनुवाइका आधारमा सामान्यतया एक सय बीस दिन भित्र मुद्दा फैसला गर्नु पर्ने कानूनी व्यवस्था छ। संविधानले प्रत्याभूत गरेको मौलिक हक कार्यान्वयनको लागि बालबालिका सम्बन्धी ऐन, २०७५, बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ र बालबालिका सम्बन्धी नियमावली, २०७८ ले कानूनको विवादमा परेका र कसूरजन्य कार्यबाट पीडित बालबालिकाको अधिकार प्रचलनका लागि छुट्टै कार्यविधिको व्यवस्था गरी बाल न्याय प्रणालीमा सुधारात्मक प्रावधान समेटिएको छ। बाल न्याय सम्पादन कार्यविधि, २०८० र कसूरजन्य कार्यका आधारमा कानूनको विवादमा परेका बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न पीडितको सहमति भएमा दिशान्तर प्रक्रियालाई प्रभावकारी बनाउनका लागि कानूनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधि सम्बन्धी निर्देशिका, २०८० जारी भएको र कार्यान्वयनको चरणमा रहेको छ। पुनर्स्थापकीय न्याय प्रक्रियालाई बाल न्याय प्रणालीमा लागू गर्नको लागि कार्यविधि व्यवस्थित गर्न निर्देशिका जारी गर्ने प्रक्रिया समेत प्रारम्भ भएको छ।

बाल न्याय सम्पादनका सन्दर्भमा विद्यमान बालबालिका सम्बन्धी ऐन, २०७५ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६, बालबालिका सम्बन्धी राष्ट्रिय नीति र श्री सर्वोच्च अदालतबाट जारी निर्देशिका बाल अधिकार संरक्षण गर्न र बाल न्याय सम्पादन गर्नका लागि गरिएका साझा प्रयास हुन्। बाल न्याय प्रणालीको सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानूनी तथा नीतिगत व्यवस्था गर्न विशिष्टीकृत निकायको रुपमा गठन भएको केन्द्रीय बाल न्याय समिति यस कार्यमा

# केन्द्रीय बाल न्याय समितिको सचिवालय

पत्र संख्या:
प्राप्त पत्र संख्या र मिति:
चलानी नं:

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५४४२५६८, ०१-५४४२४५७
website:: www.cjcc.gov.np
www.supremecourt.gov.np
email: info@cjcc.gov.np


निरन्तर क्रियाशील छ। बाल इजलास सञ्चालन भएका प्रत्येक जिल्ला अदालतबाट बाल न्याय सम्पादन गर्दा कसूरजन्य कार्यमा संलग्न बालबालिकाको विवरण, कसूरजन्य कार्यको संख्या र प्रकृति, बालबालिकाको उमेर सहितको विवरण, लैंगिक पहिचान,अदालतमा दायर मुद्दा,फैसला भएका मुद्दा,बाँकी मुद्दा,फैसलाको परिणाम, सुधारगृहमा रहेका बालबालिकाको संख्या र कसूरजन्य कार्यको नाम समेतको तथ्याङ्क र विवरण संकलनका साथै अद्यावधिक गरी लेखन, तालिकीकरण, प्रस्तुति र विश्लेषण समेत समेटिएको **"नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०८१"** सचिवालयले प्रकाशन गर्न लागेकोमा मलाई खुशीको अनुभूति भएको छ। यस प्रतिवेदनबाट बाल न्याय प्रणालीका सरोकारवाला, अनुसन्धानकर्ता, अभियोजनकर्ता बाल न्याय निरुपणमा संलग्न न्यायाधीश, सञ्चारकर्मी, कानून व्यवसायी तथा यस विषयका जिज्ञासु सबै लाभान्वित हुनेमा विश्वस्त छु।

अन्त्यमा, प्रतिवेदन तयार गर्न आवश्यक विवरण र तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने जिल्ला अदालत, बाल सुधार गृह लगायतका सम्बध्द सबै निकायलाई धन्यवाद दिन चाहन्छु। लेखन तथा प्रतिवेदन सम्पादनमा संलग्न पूर्व न्यायाधीश धर्मराज पौडेल, एवं सो टिममा संलग्न सचिवालयका उपसचिव विमल रेग्मी, कार्यक्रम व्यवस्थापक विधान खनिया, शाखा अधिकृत महेश भट्टराई र तथ्याङ्क तालिकीकरणमा संलग्न कार्यक्रम अधिकृत जेनी श्रेष्ठ लगायत सचिवालयका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

(भद्रकाली पोखरेल)
रजिष्ट्रार, सर्वोच्च अदालत
तथा
सदस्य सचिव, केन्द्रीय बाल न्याय समिति

सदस्य सचिव
एवं
रजिष्ट्रार, सर्वोच्च अदालत

केन्द्रीय बाल न्याय समितिको सचिवालय

पत्र संख्याः
प्राप्त पत्र संख्या र मितिः
चलानी नं:

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५४४२५६८, ०१-५४४२४५७
website:: www.cjcc.gov.np
www.supremecourt.gov.np
email: info@cjcc.gov.np

केन्द्रीय बाल न्याय समिति सचिवालय श्रीमहल, पुल्चोक, ललितपुर २०७५

<u>प्रकाशकीय</u>

नेपालको बाल न्याय प्रणालीलाई परम्परागत फौजदारी न्याय प्रणाली भन्दा अलग रुपमा विकास गर्ने कार्यको थालनी भएको लामो समय नभए पनि यो कदम बाल न्यायको क्षेत्रमा महत्वपूर्ण उपलब्धिको रुपमा रहेको छ । मिति २०५०।०१।०१ देखि कार्यान्वयनमा आएको बालबालिका सम्बन्धी ऐन, २०४८ ले बाल न्यायलाई फौजदारी न्याय प्रणाली भन्दा फरक विधाको रुपमा स्थापित गर्ने प्रयास गरेको थियो । सो ऐनमा बाल न्यायका नवीन मान्यता अनुकूलका प्रावधान समेट्नु पर्ने आवश्यकता महसूस भएकोले बाल न्यायमा प्रचलित नवीनतम अवधारणा समावेश गरी मिति २०७५।०६।०२ देखि बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ । उक्त ऐनको दफा ४६ बमोजिम बाल न्यायको क्षेत्रमा कार्यरत विभिन्न सरोकारवाला निकायबीच समन्वय गर्ने समेतको कामका लागि एक विशिष्टीकृत निकायको रुपमा केन्द्रीय बाल न्याय समिति गठन भएको छ । सोही ऐनको दफा ८५ ले प्रदान गरेको अधिकार प्रयोग गरी श्री सर्वोच्च अदालतको पूर्ण बैठकबाट पारित भएको बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३२ ले केन्द्रीय बाल न्याय समितिको सचिवालयलाई बाल अदालत, बाल सुधार गृह , जिल्ला बाल न्याय समितिको सम्पर्क निकायको रुपमा काम गर्ने गरी जिम्मेवारी तोकेको छ। केन्द्रीय बाल न्याय समितिको बैठकबाट समय समयमा भएका निर्णय, ऐन र नियमावलीले तोकेको जिम्मेवारी अनुसार कार्यान्वयन गर्दै सचिवालयले बाल न्यायको क्षेत्रमा विगतदेखि हालसम्म विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ ।

बाल इजलास समेत संचालन गर्ने जिल्ला अदालत र नेपालमा संचालनमा रहेका नौवटा बाल सुधार गृहहरुबाट यस सचिवालयमा प्राप्त हुने गरेको कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाको विवरणलाई सचिवालयले अद्यावधिक गरी स्थिति प्रतिवेदनको रुपमा प्रकाशन गर्दै आएको छ । प्रारम्भमा आर्थिक वर्ष २०६२/०६३ देखि २०७०/०७१ सम्म जिल्ला अदालतमा दायर भएका बालबालिका सम्बन्धी मुद्दाहरुको विवरण तयार पारी सचिवालयले नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०७१ प्रकाशित गरेको थियो । त्यसपछि आर्थिक वर्ष २०७४/०७५ देखि २०७७/०७८ सम्म बाल इजलासमा दायर भएका कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको विवरण समेत संकलन गरी सोही निकायबाट सचिवालयमा प्राप्त भएका तथ्याङ्क र विवरणको विश्लेषण गरी नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन प्रकाशित गरिएको थियो । आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० को स्थिति प्रतिवेदन संयुक्त रुपमा गत आर्थिक वर्षमा प्रकाशित भैसकेको छ ।

# केन्द्रीय बाल न्याय समितिको सचिवालय

पत्र संख्या:
प्राप्त पत्र संख्या र मितिः
चलानी नं:

श्रीमहल, पुल्चोक, ललितपुर
फोन नं. ०१-५४४२५६८, ०१-५४४२४५७
website:: www.cjcc.gov.np
www.supremecourt.gov.np
email: info@cjcc.gov.np

केन्द्रीय बाल न्याय समितिको सचिवालय श्रीमहल, पुल्चोक, ललितपुर २०७५

सोही कार्यको निरन्तरता स्वरुप आर्थिक वर्ष २०८०/०८१ मा बाल इजलास संचालन भएका जिल्ला अदालतमा दायर कसूरजन्य कार्यको आरोप लागेका बालबालिका सम्बन्धी मुद्दाहरु र नौ वटा बाल सुधार गृहमा सुधार अवधि व्यतित गरिरहेका बालबालिकाको विवरण संकलन र अद्यावधिक गर्नुको साथै तथ्याङ्क विश्लेषण गरी *"नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०८१"* तयार गरिएको छ ।यस प्रतिवेदनको मुख्य उद्देश्य केन्द्रीय बाल न्याय समिति र सचिवालयको बारेमा जानकारी प्रदान गर्नु हो । यसको साथै जिल्ला अदालतमा दायर भएका तथा बाल इजलासबाट कारवाही र सुनुवाइ भएका कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाहरुको मुद्दाको विवरण, अवस्था, प्रकृति, कानूनको विवादमा परेका बालबालिकाको उमेर, लैङ्गिक विवरण र बाल सुधार गृहमा रहेका बालबालिकाहरुको अवस्था विश्लेषण गरी बाल न्याय प्रणालीसँग सम्बन्धित निकाय तथा सरोकारवाला समक्ष पुऱ्याउनु पनि हो। यस प्रतिवेदनले बाल न्यायमा चासो राख्ने अनुसन्धानकर्तालाई थप प्रेरित गर्नेछ भन्ने विश्वास लिइएको छ।

प्रतिवेदन लेखन र तयारीका लागि निरन्तर हौसला प्रदान गर्नु हुने केन्द्रीय बाल न्याय समितिका अध्यक्षज्यू तथा सदस्य सचिवज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । बालबालिका सम्बन्धी मुद्दाको विवरण उपलब्ध गराई सहयोग गर्नु हुने सबै जिल्ला अदालत र बाल सुधार गृहप्रति आभार प्रकट गर्दछु । प्रतिवेदन लेखन र सम्पादन कार्यमा संलग्न रही सहयोग गर्नु हुने पूर्व न्यायाधीश श्री धर्मराज पौडेल प्रतिवेदन तयारीमा निरन्तर सहयोग गर्नु हुने सचिवालयका कार्यक्रम व्यवस्थापक श्री विधान खनिया, शाखा अधिकृत श्री महेश भट्टराई, तथ्यांक संकलन र तालिकीकरण कार्यमा संलग्न कार्यक्रम अधिकृत श्री जेनी श्रेष्ठ, सचिवालयका कर्मचारीहरु श्री नारायणी रेग्मी, श्री सविन ढुङ्गेल, श्री इन्द्र बहादुर श्रेष्ठ र श्री धनमाया योगीलाई धन्यवाद दिन चाहन्छु। साथै सचिवालयलाई सहयोग प्रदान गर्नु भएकोमा UNICEF Nepal प्रति आभार व्यक्त गर्दै आगामी आर्थिक वर्षमा थप विवरण सहित प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिने तर्फ सचिवालयको तर्फबाट प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

उप-सचिव

बिमल रेग्मी
उपसचिव
केन्द्रीय बाल न्याय समितिको सचिवालय
श्रीमहल, पुल्चोक, ललितपुर

# विषय सूची


| क्र.सं. | विषय सूची | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद - एक** | |
| | **सामान्य परिचय** | |
| १.१ | परिचय | १ |
| १.२ | केन्द्रीय बाल न्याय समितिको गठन | ३ |
| १.३ | केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकार | ४ |
| १.४ | जिल्ला बाल न्याय समितिको गठन | ५ |
| १.५ | जिल्ला बाल न्याय समितिको काम, कर्तव्य र अधिकार | ६ |
| १.६ | केन्द्रीय बाल न्याय समितिको सचिवालय | ७ |
| | **परिच्छेद - दुई** | |
| | **बालबालिकासम्बन्धी मुद्दाको प्रदेश तथा जिल्लागत विवरण** | |
| २.१ | प्रदेश र जिल्लागत आधारमा दर्ता भएका मुद्दाको विवरण र आरोपित बालबालिकाको संख्या | १५ |
| २.२ | जिल्लागत आधारमा मुद्दाको अवस्थाको विवरण | २० |
| २.३ | जिल्लागत आधारमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाको लैंगिक विवरण | २६ |
| २.४ | जिल्लागत आधारमा कसुरजन्य कार्यको आरोप लागेका बालबालिकाको उमेरगत विवरण तथा मुद्दाको किसिम | २९ |
| २.५ | मुद्दाका किसिमबाट गरिएका १३ समूहको वर्गीकरण | ७२ |
| | **परिच्छेद - तीन** | |
| | **बाल सुधार गृहमा रहेका बालबालिकाको विवरण** | |
| ३.१ | नौवस्ता, बाँकेसमेत सबै बाल सुधार गृहमा रहेका बालबालिका तथा किशोर किशोरीको विवरण | ७४ |
| ३.२ | बाल सुधार गृहमा रहेका बालबालिका र किशोर किशोरीको मुद्दागत विवरण | ८६ |
| | **परिच्छेद - चार** | |
| | **बाल न्यायसँग सम्बन्धित महत्त्वपूर्ण न्यायिक सिद्धान्त** | |
| ४.१ | सर्वोच्च अदालतबाट प्रतिपादित केही नजिरहरू | ८९ |

## परिच्छेद - एक
## सामान्य परिचय

### १.१ परिचय

प्रत्येक राष्ट्रका लागि आजका बालबालिका भविष्यका कर्णधार र वर्तमानका हिस्सेदार पनि हुन् । बाल्यकाल मानव जीवनको सम्बेदनशील अवस्था भएकोले प्रत्येक परिवार,समाज र राष्ट्रले बालबालिकाप्रति उचित ध्यान पुऱ्याउन जरूरी छ । यसै तथ्यलाई मनन गरी नेपालले संयुक्त राष्ट्र संघीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर १९९० तदनुसार मिति २०४७/०५/२९ मा अनुमोदन गरी पक्ष राष्ट्रको रूपमा रहेको छ । महासन्धिद्वारा सृजित अन्तर्राष्ट्रिय दायित्वलाई राष्ट्रिय कानून मार्फत व्यवहारिक रूपमा लागू गर्न कानून र संस्थागत आवश्यक प्रवन्ध गर्नु पर्ने हुन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ कार्यान्वयनमा आए पछि बाल न्यायको सन्दर्भमा विकसित नवीन आयामलाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय परिवेश अनुकूलको कानूनी र संस्थागत संरचनाको आवश्यकतालाई सम्बोधन गर्न बालबालिकासम्बन्धी ऐन, २०७५ मिति २०७५/०६/०२ देखि कार्यान्वयनमा आएको छ । कानूनको विवादमा परेका बालबालिकालाई बाल न्यायका विभिन्न चरणमा उनीहरूको सर्वोत्तम हित, बाल विकास, बाल सहभागिता, बाल संरक्षण, बाल अधिकारको सम्मान तथा कसूरजन्य कार्यबाट पीडित बालबालिकाको परिपूरण गर्न नेपाल सरकारले आवश्यक प्रवन्ध मिलाउनु पर्ने हुन्छ । मुलुकमा आएको राजनीतिक परिवर्तनलाई संस्थागत गर्न संवैधानिक व्यवस्था गर्नुको साथै संविधानले परिकल्पना गरेको न्याय प्रणालीलाई प्रभावकारी बनाउन नेपालको संविधानको धारा ३९ को उपधारा (८) ले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक प्रत्याभूत गरेको छ ।

बालबालिकालाई बाल अनुकूल न्यायको हक साकार पार्न बालबालिकासम्बन्धी ऐन, २०७५ बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ मुलुकी अपराध संहिता, २०७४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र बालबालिकासम्बन्धी नियमावली, २०७८ बाट कानूनको विवादमा परेका बालबालिकालाई बालमैत्री वातावरणमा अनुसन्धान,अभियोजनको साथै बाल अदालत गठन नभएसम्म बाल इजलासबाट मुद्दाको कारवाही सुनुवाइ र किनारा गर्ने कानूनी प्रवन्ध भएको छ । बाल न्याय सम्पादन गर्दा मूलत: बाल न्याय दण्ड प्रधान नभई सुधार र पुनर्स्थापनामूलक बनाउने उद्देश्यले कानूनको विवादमा परेका बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गरी दिशान्तर गर्ने, पुनर्स्थापना गर्ने र सुधारका प्रावधानलाई उचित महत्त्व दिई बाल सुधार गृहमा पठाउने कानूनी व्यवस्थालाई अन्तिम विकल्पको रूपमा लिने विविध

व्यवस्था गरेको छ । बाल न्याय प्रणालीको यसै आलोकमा अन्य विकल्प उपलब्ध भएसम्म अन्तिम विकल्पमा नजान तथा बाल अधिकारको सम्मान, संरक्षण र परिपालन गराई पाउन सर्वोच्च अदालतमा विभिन्न समयावधिमा दायर भएका रिट निवेदनमा भएका अन्तिम आदेश मार्फत बाल न्याय सम्पादनको क्षेत्रमा कार्यरत अधिकारी र न्यायिक निकायलाई नवीन विधिशास्त्रीय मान्यता सहित मार्गनिर्देशन हुँदै आएको छ। बाल न्याय सम्पादनका सिलसिलामा कार्यविधिमा एकरूपता ल्याउन **बाल न्याय सम्पादन कार्यविधि, २०८०** र **कानूनको विवादमा परेका बालबालिकाको दिशान्तर कार्यविधिसम्बन्धी निर्देशिका, २०८०** कार्यान्वयनमा आई सकेको अवस्था छ । त्यसै गरी पीडित, कानूनको विवादमा परेका बालबालिका र समुदायको अधिकार तथा जवाफदेहिता र जिम्मेवारीलाई प्रष्ट पार्दै बालबालिकाको परिपूरण र पुनर्स्थापनालाई सुनिश्चित गर्न पुनर्स्थापकीय बाल न्यायसम्बन्धी निर्देशिका, २०८१ तर्जुमा र पारित गरी त्यसपछि कार्यान्यवन हुन आवश्यक छ।

नेपालमा बाल न्याय प्रणालीलाई सुदृढीकरण गर्ने कार्यमा समन्वयकारी भूमिकामा रहने उद्देश्यका साथ बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम २२ बाट तत्कालीन बाल न्याय समन्वय समितिको स्थापना भएको हो । बाल न्याय प्रणालीको समन्वयकारी भूमिकालाई निरन्तरता दिँदै बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४६ को उपदफा (१) ले बाल न्यायसँग सम्बन्धित कार्यमा संलग्न विभिन्न निकायबीच समन्वय गर्ने कार्यका लागि विशिष्टीकृत निकायको रूपमा केन्द्रीय स्तरमा केन्द्रीय बाल न्याय समिति रहने व्यवस्था छ। दुवै समितिको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा नियमावलीले व्यवस्था गर्ने गरी ऐनले निर्देश गरेको छ।

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ सर्वोच्च अदालतको मिति२०७५/१२/२७ को पूर्ण बैठकबाट पारित भई लागु भएको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८५ ले प्रदान गरेको अधिकारको प्रयोग गरी उक्त नियमावली तर्जुमा भएको हो। नियमावलीले दिशान्तर कार्यविधि, कानूनको विवादमा परेका बालबालिकालाई नियन्त्रणमा लिएपछि राखिने निगरानी कक्षको व्यवस्था, पुनर्स्थापकीय न्यायसम्बन्धी व्यवस्था, प्रोवेशन अधिकारीसम्बन्धी बाल न्यायका नवीन अवधारणालाई नेपालको बाल न्याय प्रणालीमा समावेश गरेको छ। केन्द्रीय बाल न्याय समितिले बाल न्यायको प्रभावकारी कार्यान्वयनको लागि बाल न्यायको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूबाट आवश्यक परामर्श र सहयोग लिन सक्ने कानूनी व्यवस्था उक्त नियमावलीको नियम ३३ ले गरेको छ। नियमावलीको यसै प्रावधानको रोहमा समितिबाट बाल न्याय र बाल अधिकारको क्षेत्रमा कार्यरत विज्ञसँग समन्वय र परामर्श गरी बाल न्याय सुदृढीकरणको लागि नीतिगत निर्णय गर्नुको साथै निर्णयको कार्यान्वयन गर्दै आएको छ। समितिको सचिवालयले बाल न्यायका सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा बाल न्यायसम्बन्धी प्रशिक्षण, गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुका अतिरिक्त सचेतनामूलक स्रोत सामग्री प्रकाशन

गरेको छ।

समितिको सचिवालयले विभिन्न जिल्ला अदालतमा रहेका बाल इजलासबाट न्याय निरूपण भएका कसूरजन्य कार्यको आरोप लागेका बालबालिकासम्बन्धी मुद्दाको विवरण संकलन गरी अद्यावधिक गर्नुको साथै नेपालमा हालसम्म सञ्चालनमा रहेका ९ वटा बाल सुधार गृहमा सुधार अवधि व्यतित गरिरहेका बालबालिकाहरूको विवरण संकलन गरेको छ। तत् तत् निकायहरूबाट सचिवालयलाई प्राप्त हुने तथ्याङ्क र विवरण अद्यावधिक गर्दै सचिवालयले अभिलेखीकरण गरिआएको छ। सोही सिलसिलामा सचिवालयले गत आ.व.२०७९/०८० मा सोभन्दा अघिल्लो आ.व.२०७८/०७९ कोसमेत दुई वर्षको बाल इजलासमा दायर कानूनको विवादमा परेका बालबालिकासम्बन्धी मुद्दाको अवस्थाका साथै आ.व.२०७९/०८० मा बाल सुधार गृहमा संस्थागत सुधारमा रहेका बालबालिकाको तथ्याङ्क संकलन र विश्लेषण गरी स्थिति प्रतिवेदन सार्वजनिक गरेको थियो। सोही क्रममा सचिवालयबाट आ.व.२०८०/०८१ मा विभिन्न ७७ जिल्ला अदालतमा रहेका बाल इजलासमा दायर कानूनको विवादमा परेका बालबालिकासम्बन्धी मुद्दाको प्रकृति, अवस्था, संलग्न बालबालिकाको संख्या, उमेरको साथै सोही आ.व.मा बाल सुधार गृहमा सुधार प्रक्रियामा रहेका बालबालिकाको तथ्याङ्क संकलन तथा विश्लेषण गरी **“नेपालमा बाल न्यायको स्थिति प्रतिवेदन, २०८१”** तयार गरी प्रकाशन गरिएको छ।

यस प्रतिवेदनलाई अध्ययनको सहजताका लागि चारवटा परिच्छेदमा विभाजन गरिएको छ। **परिच्छेद-१** मा परिचय, केन्द्रीय बाल न्याय समितिको गठन, काम कर्तव्य र अधिकार, जिल्ला बाल न्याय समितिको गठन, काम कर्तव्य र अधिकार र आ.व.२०८०/०८१ मा केन्द्रीय बाल न्याय समितिको सचिवालयबाट सम्पन्न भएका कार्यक्रमको विवरण समावेश गरिएको छ। **परिच्छेद-२** मा विभिन्न जिल्ला अदालतमा रहेका बाल इजलासमा कानूनको विवादमा परेका बालबालिकासम्बन्धी मुद्दाको विवरण समावेश गरिएको छ। त्यसै गरी **परिच्छेद-३** मा आ.व.२०८०/०८१ सम्म नेपालमा हाल सञ्चालनमा रहेका नौ वटा बाल सुधार गृहमा सुधार प्रक्रियामा बसेका बालबालिकासम्बन्धी विवरण समावेश गरिएको छ। **परिच्छेद-४** मा सर्वोच्च अदालतबाट बाल न्यायको क्षेत्रमा रिट तथा मुद्दाको रोहबाट प्रतिपादित महत्त्वपूर्ण न्यायिक आदेश / सिद्धान्त प्रस्तुत गरिएको छ।

## १.२ केन्द्रीय बाल न्याय समितिको गठन

बाल न्यायसँग सम्बन्धित काम गर्ने विभिन्न निकायबीच समन्वय गर्ने कामसमेतको लागि केन्द्रीयस्तरमा तोकिएबमोजिमको एक केन्द्रीय बाल न्याय समिति रहने व्यवस्था बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४६(१) ले गरेको छ भने सोही दफाको उपदफा (२) ले समितिको बैठक तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने प्रवन्ध गरेको देखिन्छ। ऐनको यसै प्रावधानअनुसार बाल न्याय

सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३० ले गरेको व्यवस्था हेर्दा केन्द्रीय बाल न्याय समितिका अध्यक्षलगायत पदाधिकारीको संख्या ११ कायम भएको पाइन्छ। समितिमा देहायबमोजिमका पदाधिकारी रहने व्यवस्था छ:-

(क) प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश-----------------------------अध्यक्ष
(ख) सचिव, कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय------------------------------------सदस्य
(ग) सचिव,गृह मन्त्रालय------------------------------------------------------------------------सदस्य
(घ) सचिव,महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय---------------------------------सदस्य
(ङ) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय----------------------------------सदस्य
(च) प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी प्रधान कार्यालय-------------------------------सदस्य
(छ) राष्ट्रिय बाल अधिकार परिषद्को प्रशासकीय प्रमुखको रूपमा काम गर्ने पदाधिकारी-----सदस्य
(ज) समितिका अध्यक्षले मनोनयन गरेको कम्तिमा एक महिला सहित तीन जना--------------सदस्य
(झ) मुख्य रजिष्ट्रारले तोकेको सर्वोच्च अदालतको रजिष्ट्रार-------------------------सदस्य-सचिव

खण्ड (ज) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुने र निजको पुन: नियुक्ति हुन सक्ने व्यवस्था नियमावलीले गरेको छ। समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने तथा समितिले आवश्यकताअनुसार बाल न्यायसँग सम्बधित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रणगर्न सक्ने व्यवस्था नियमावलीको नियम ३० को क्रमश: उपनियम (३), (४) र (५) मा रहेको छ।

## १.३ केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकार

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३१ मा केन्द्रीय बाल न्याय समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था छ। उक्त नियमावलीमा उल्लेख भएअनुसार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम छ:-

- बाल न्याय प्रणालीको सुदृढीकरण र विकासका लागि आवश्यक पर्ने कानून तथा नीतिगत व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक सुझाव तथा परामर्श दिने,
- बाल अधिकार र बाल न्यायको विषयलाई नेपालका विश्वविद्यालय, विद्यालय तथा शौक्षिक संस्थाका पाठ्यक्रममा समावेश गर्न विश्वविद्यालय, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई अनुरोध गर्ने,
- बाल अधिकार र बाल न्यायको क्षेत्रमा नेपालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ

संस्थाहरुबाट गर्नु पर्ने कार्यक्रमहरुको सम्बन्धमा आवश्यकताअनुरुप मार्गनिर्देश तथा समन्वय र सहकार्य गर्ने,

- बाल न्याय सम्पादनलाई छिटो छरितो प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि बाल न्यायको क्षेत्रमा संलग्न हुने निकायमा कार्यरत सरकारी तथा गैर सरकारी व्यक्ति तथा संस्थालाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रम बारे जानकारी गराउन क्षमता अभिवृध्दिका कार्यक्रम सञ्चालन गर्ने, गराउने,
- बाल न्याय सम्पादनमा संलग्न हुने निकाय वा अधिकारीबाट सम्पादन भएका सेवा र कार्यहरूको स्तरसम्बन्धी रेखदेख र व्यवस्थापनसम्बन्धी काम कारवाही गर्ने, गराउने,
- जिल्ला बाल न्याय समिति, बाल सुधार गृह वा बाल न्यायको क्षेत्रमा काम गर्ने अन्य निकायहरूको अनुगमन, सुपरीवेक्षण गर्ने तथा उपयुक्त निर्देशन दिने,
- बाल अधिकार तथा बाल न्यायको सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने तथा पुस्तक, स्रोत सामग्री, जर्नल आदि प्रकाशन गर्ने,
- बाल अधिकार र बाल न्यायसम्बन्धी विभिन्न तालिम तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, गराउने,
- बाल न्याय सम्पादनको सन्दर्भमा रहेका समस्या समाधानको लागि सम्बन्धित निकायलाई आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,
- बाल सुधार गृह तथा निगरानी कक्षको सञ्चालनसम्बन्धी मापदण्ड निर्धारण गर्ने र कार्यान्वयनको लागि मार्गदर्शन गर्ने,
- ऐनको प्रभावकारी कार्यान्वयनमा आवश्यक निर्देशन दिने ।

## १.४ जिल्ला बाल न्याय समितिको गठन

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३४ मा जिल्ला बाल न्याय समितिको गठनसम्बन्धी व्यवस्था छ । नियमावलीले निर्दिष्ट गरेबमोजिम जिल्ला बाल न्याय समितिमा अध्यक्षलगायतका पदाधिकारीको संख्या १५ कायम भएको छ । उक्त समितिमा देहायबमोजिमका पदाधिकारी रहने व्यवस्था छ:-

(क) सम्बन्धित जिल्ला अदालतको वरिष्ठतम जिल्ला न्यायाधीश-----------------------------अध्यक्ष

(ख) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी---------------------------------------------सदस्य

(ग) जिल्लाको सदरमुकाम रहेको स्थानीय तहको न्यायिक समितिको संयोजक--------------सदस्य

(घ) सम्बन्धित जिल्लाको जिल्ला न्यायाधिवक्ता----------------------------------------------सदस्य

(ङ) सम्बन्धित जिल्लाको जिल्ला प्रहरी कार्यालयको प्रमुख-----------------------------------सदस्य
(च) सम्बन्धित जिल्लाको जिल्ला वार एशोसिएशनको अध्यक्ष-----------------------------------सदस्य
(छ) बालबालिकाको क्षेत्रमा कार्यरत सम्बन्धित जिल्लाका संस्थाको प्रतिनिधित्व हुने गरी कम्तिमा एक जना महिला सहित तीन जना--------------------------------------------------------सदस्य
(ज) सम्बन्धित जिल्लाका बाल मनोविज्ञमध्येबाट एक जना----------------------------------- सदस्य
(झ) सम्बन्धित जिल्लाका समाजसेवीमध्येबाट एक जना--------------------------------------- सदस्य
(ञ) सम्बन्धित जिल्लाको बाल कल्याण अधिकारीमध्येबाट एक जना------------------------ सदस्य
(ट) सम्बन्धित जिल्लाको प्रोवेशन अधिकारी---------------------------------------------------- सदस्य
(ठ) सम्बन्धित जिल्लाभित्र रहेका बाल सुधार गृहका प्रमुख--------------------------------------सदस्य
(ड) स्रेस्तेदार, जिल्ला अदालत--------------------------------------------------------- सदस्य-सचिव

माथि खण्ड (छ), (ज) र (झ) बमोजिमका मनोनित सदस्यको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक उपाधि हासिल गरेको, बाल अधिकार र बाल न्यायको क्षेत्रमा कम्तिमा तीन वर्ष काम गरेको र फौजदारी कसूरमा सजाय नपाएको व्यक्ति मनोनयन हुन सक्ने व्यवस्था नियमावलीको नियम ३४ को उपनियम (२) ले गरेको छ । यस समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुने र समितिले आवश्यकताअनुसार बाल न्यायसँग सम्बन्धित व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने व्यवस्था नियमावलीले गरेको छ ।

## १.५ जिल्ला बाल न्याय समितिको काम, कर्तव्य र अधिकार

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४७ बमोजिम जिल्ला बाल न्याय समितिको गठन, काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था छ । सोअनुसार जिल्ला बाल न्याय समितिको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था बाल न्याय संम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३५ मा गरिएको छ । समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः-

- बाल न्याय प्रणाली सुदृढीकरण र विकासका लागि जिल्लामा गर्नु पर्ने आवश्यक व्यवस्था गर्न केन्द्रीय बाल न्याय समितिलाई आवश्यक सुझाव र परामर्श दिने,
- जिल्लाका बाल अधिकार र बाल न्याय प्रणालीका क्षेत्रमा कार्यरत संस्थाबाट भइरहेका कार्यक्रमहरू बीच समन्वय गर्ने, गराउने,
- समितिको निर्देशनको अधीनमा रही बाल न्यायका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी

व्यक्ति तथा संस्थालाई बाल न्यायका सन्दर्भमा विकसित नवीन दृष्टिकोण र कार्यक्रमबारे जानकारी गराउन क्षमता अभिवृध्दि कार्यक्रम सञ्चालन गर्ने, गराउने,

- बाल अधिकार र बाल न्यायको विषयमा स्थानीय स्तरमा सचेतना अभिवृध्दि गर्ने,
- जिल्लामा बाल न्यायको क्षेत्रमा कार्यरत निकायबाट सम्पादन भएका सेवा र कार्यहरूको एकीकृत अभिलेख राख्ने तथा राख्न लगाउने,
- केन्द्रीय बाल न्याय समितिले तोकिदिएका अन्य काम गर्ने, गराउने।

## १.६ केन्द्रीय बाल न्याय समितिको सचिवालय

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ३२ ले केन्द्रीय बाल न्याय समितिको सचिवालयलाई बाल अदालत, बाल सुधार गृह, जिल्ला बाल न्याय समितिसमेतको सम्पर्क विन्दुको रूपमा कार्य गर्ने गरी जिम्मेवारी तोकेको छ। सचिवालयले बालबालिकासम्बन्धी ऐन, २०७५ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ ले दिएको अधिकार र दायित्वको परिधिमा रही समितिको बैठकबाट भएका निर्णयहरूको कार्यन्वयन गर्दछ। यस सचिवालयले बाल न्यायको क्षेत्रमा विगतदेखि हालसम्म विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

**आर्थिक वर्ष २०८०/०८१मा युनिसेफ नेपालसँगको सहकार्यमा केन्द्रीय बाल न्याय समितिबाट सम्पन्न गरिएका कार्यक्रमको विवरण :-**

### (क) जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम

केन्द्रीय बाल न्याय समितिको सचिवालयबाट युनिसेफ नेपालसँगको सहकार्यमा सम्बन्धित जिल्ला बाल न्याय समितिद्वारा आयोजित जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८०/०८१ मा गण्डकी प्रदेशको **गोरखा** जिल्लाबाट मिति २०८०/४/६ देखि प्रारम्भ भएको थियो। गोरखापछि **बागलुङ जिल्लामा** ऐ. भाद्र ३१ मा, **महोत्तरी** जिल्लामा मङ्सिर १५ मा **धादिङमा,** पुस १५ मा र **भोजपुर** जिल्लामा ऐ. चैत्र ९ गते एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। बाल न्यायसँग सम्बन्धित जिल्ला स्थित सरोकारवाला निकायबाट प्रतिनिधित्व गर्ने सहभागीहरूबीच बाल न्यायसम्बन्धी नवीनतम् अवधारणाका सम्बन्धमा छलफल हुनुको साथै बाल न्यायसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थासम्बन्धी जानकारी गराउँदै बालबालिकासम्बन्धी ऐन, २०७५ मा भएका नयाँ व्यवस्था सम्बन्धमा अनुभवको आदान प्रदान भएको थियो। बालबालिकालाई बाल अनुकूल न्याय प्रदान गर्ने सन्दर्भमा बालमैत्री अनुसन्धान, अभियोजन, न्यायिक कारवाही र सुनुवाइमा संलग्न र प्रत्यक्ष सरोकार राख्ने निकायको भूमिकाबारे जानकारी गराइएको थियो। अनुसन्धान, अभियोजन तथा दिशान्तर प्रक्रियाका सम्बन्धमा देखा परेका समस्या पहिचान गरी कानूनी संरचना भित्रबाटै समाधान गर्न सकिने उपायबारे सुझाव प्रस्तुत भएको थियो। यसै कार्यक्रमबाट कानूनको विवादमा परेका बालबालिकाको

सम्बन्धमा आवश्यक सेवाहरू जस्तै; कानुनी सहायता, मनोसामाजिक परामर्श, सामाजिक पुन:एकीकरण सम्बन्धमा समुदायको भूमिका र योगदानका सम्बन्धमा चर्चा गरिएको थियो । बाल न्यायका सरोकारवाला निकायबीच आपसी समन्वय र सहकार्यको अभिवृद्धि सम्बन्धमा प्रकाश पार्नुको साथै बाल न्यायसम्बन्धी सचेतना अभिवृद्धि गर्न यस प्रकारको अन्तरक्रिया कार्यक्रम उपलब्धिमूलक हुने अनुभूति सहभागीहरू बीच रहेको थियो ।

### (ख) अनुगमन भ्रमण कार्यक्रम

विभिन्न जिल्लामा बाल न्याय सम्बन्धमा भए गरेको कार्यको अनुगमन गर्ने सिलसिलामा देखा परेका समस्याको पहिचान गरी समाधानका उपाय अवलम्बनमा सुझाव दिने उद्देश्यले केन्द्रीय बाल न्याय समितिका अध्यक्ष, सदस्य सचिव र सचिवालयका कर्मचारीबाट देहायका मितिमा देहायबमोजिमका जिल्लामा अनुगमन भ्रमण कार्यक्रम सञ्चालन गरिएको थियो ।

| सि.न. | जिल्ला | कार्यक्रम सञ्चालन भएको मिति | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | सिन्धुपाल्चोक | २०८०/४/२ | २०८०/४/३ | २ दिन |
| २ | कास्की, म्याग्दी, बागलुङ, पर्वत, गोरखा | २०८०/५/३१ | २०८०/६/४ | ५ दिन |
| ३ | बाँके | २०८०/६/०६<br>२०८०/६/१४<br>२०८१/०२/२५ | २०८०/६/०६<br>२०८०/६/१६<br>२०८१/०२/३१ | १ दिन बालसुधार गृहसमेत<br>३ दिन<br>७ दिन |
| ४ | धादिङ | २०८०/६/०७<br>२०८०/७/१५<br>२०८०/०९/१३ | २०८०/६/०७<br>२०८०/७/१७<br>२०८०/०९/१५ | १ दिन<br>३ दिन<br>२ दिन |
| ५ | कास्की | २०८०/०७/३०<br>२०८०/०९/०२<br>२०८१/०१/०५ | २०८०/८/२<br>२०८०/०९/४<br>२०८१/०१/०६ | ३ दिन<br>३ दिन<br>२ दिन |
| ६ | मकवानपुर र पर्सा | २०८०/८/१० | २०८०/८/१३ | ४ दिन |
| ७ | महोत्तरी | २०८०/८/१४ | २०८०/८/१६ | ३ दिन |
| ८ | चितवन र नवलपुर | २०८०/८/२२<br>२०८१/१/२४ | २०८०/८/२५<br>२०८१/१/२५ | ४ दिन<br>२ दिन |
| ९ | मोरङ र धनुषा | २०८०/८/२२ | २०८०/८/२५ | ४ दिन |
| १० | बाल सुधारगृह सराङकोट कास्की र ढकालटार, तनहूँ | २०८०/११/२ | २०८०/११/४ | ३ दिन |
| ११ | रूपन्देही | २०८०/११/१३ | २०८०/११/१४ | २ दिन (छुट्टै टोली ) |

| सि.न. | जिल्ला | कार्यक्रम सञ्चालन भएको मिति | | कैफियत |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १२ | बाँके | २०८०/१/१४ | २०८०/१/१५ | २ दिन (छुट्टै टोली ) |
| १३ | दैलेख | २०८०/११/१५ | २०८०/११/१६ | २ दिन (छुट्टै टोली ) |
| १४ | डोटी, बैतडी, डडेलधुरा, दार्चुला, बाँके | २०८०/११/१७ | २०८०/११/२१ | ५ दिन ( बालसुधार गृहसमेत ) |
| १५ | मोरङ, पर्सा,मकवानपुर | २०८०/१२/०३ | २०८०/१२/०८ | ६ दिन ( बालसुधार गृहसमेत ) |
| | मोरङ, | २०८०/१२/४<br>२०८०/१२/१६<br>२०८१/२/०७ | २०८०/१२/१०<br>२०८०/१२/१७<br>२०८१/२/१० | ७ दिन<br>२ दिन<br>४ दिन |
| १६ | नवलपुर | २०८०/१२/३० | २०८१/१/२ | ३ दिन |
| १७ | मकवानपुर | २०८१/०२/२४ | २०८१/०२/२६ | ३ दिन |
| १८ | मोरङ र धनकुटा | २०८१/३/७ | २०८१/३/९ | ३ दिन |
| १९ | धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, खोटाङ | २०८०/१२/०४ | २०८०/१२/१० | ७ दिन |

**(ग) अभिमुखीकरण कार्यक्रम**

बाल न्यायसम्बन्धी अवधारणा तथा बालमैत्री व्यवहारसम्बन्धी दुई दिवसीय अभिमुखीकरण कार्यक्रम मुलत: बाल सुधार गृहमा कार्यरत जनशक्तिलाई प्रदान गर्ने उद्देश्यले देहायका बाल सुधार गृहमा कार्यरत कर्मचारीलाई देहायको मितिमा सञ्चालन गरिएको थियो :-

- मिति २०८०/ ८/११ देखि ऐ १२ सम्म २ दिने अभिमुखीकरण कार्यक्रम **बाल सुधारगृह मकवानपुरमा** सञ्चालन गरिएको थियो। यस कार्यक्रममा ३ महिला र १० पुरूष गरी जम्मा १३ जना कर्मचारीको सहभागिता थियो।
- मिति २०८०/ ८/२३ देखि ऐ २४ सम्म २ दिने अभिमुखीकरण कार्यक्रम **बाल सुधार गृह मोरङ, विराटनगरमा** सञ्चालन गरिएको थियो। यस कार्यक्रममा ४ महिला र २४ जना पुरूष गरी जम्मा २८ जना कर्मचारीहरू सहभागी थिए।
- मिति २०८०/ ९/३ देखि ऐ ४ गते सम्म २ दिन **बाल सुधार गृह सराङकोट, कास्कीमा** त्यहाँ कार्यरत कर्मचारीहरूलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरएको थियो।१ जना महिला र १२जना पुरुष गरी जम्मा १३ जना कर्मचारी यस कार्यक्रममा सहभागी थिए।

**(घ) बालसुधार गृहमा आकस्मिक स्वास्थ्य उपचार सेवा**

सचिवालयबाट विभिन्न जिल्लामा अनुगमनको लागि खटिइ जाँदा बाल सुधार गृह रहेको जिल्लामा

अनुगमनको क्रममा देखिएका तत्काल समाधान गर्नु पर्ने समस्यालाई समाधान गर्न सम्बन्धित निकायसँग समन्वय गरी बाल सुधार गृहमा रहेका कानुनको विवादमा परेका बालबालिकालाई देहायबमोजिम आकस्मिक स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको थियो :-

- बालसुधार गृह भुक्तपुरमा सुधार अवधि व्यतित गरिरहेका ५ जना बालकहरूमा स्वास्थ्य समस्या देखा परेकोले केन्द्रीय कारागार अस्पताल काठमाडौंमा मिति २०८०/४/२० मा भर्ना गरी आकस्मिक स्वास्थ्य उपचार सेवा उपलब्ध गराइएको र उपचारपछि स्वास्थ्य लाभ गरी बाल सुधार गृह सानोठिमी भक्तपुरमा फिर्ता पठाइएको थियो ।
- कान्ति बाल अस्पताल काठमाडौंमा कार्यरत डा. गुञ्जन धोंजू नेतृत्वको स्वास्थ्यकर्मीको टोलीले बाल सुधारगृह भक्तपुरमा रहेका ८८ जना बालबालिकालाई मिति २०८०/५/२१मा मनोसामाजिक परामर्श (Psycho-social Counselling ) सेवा उपलब्ध गराइएको थियो ।

**(ङ) सरकारी तथा गैरसरकारी संस्थासँगको समन्वय बैठक तथा उपकरण हस्तान्तरण**

रिट निवेदक परिवर्तित नाम होलेरी (झ) लाई बालसुधार गृहमा राख्ने गरी भएको मिति २०७७।०८।०५ र मिति २०७८।०३।२८ को रोल्पा जिल्ला अदालतको आदेश बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ (२) (क) (ख) तथा दफा ३६ (२) समेतको विपरीत देखिँदा बालसुधार गृहमा राख्ने भनिएको हदसम्मको आदेश नमिली गैरकानूनी थुना मान्नुपर्ने देखिएबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ को खण्ड (क) (ख) बमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

**[परिवर्तित नाम ५३ होलेरी (झ) को हकमा अजय शंकर झा "रूपेश" विरूद्ध रोल्पा जिल्ला अदालत लिवाङ्ग, ने. का. प. २०७९, अंक ३, नि. नं. १०८३८, पृष्ठ ४७७ ]**

## २. बाल सुधार गृहमा राख्नु पर्ने अवधि बाँकी हुँदै १८ वर्ष उमेर पुगे पनि कारागारमा पठाउन नमिल्ने

परिवर्तित नाम कञ्चनपुर ७५ (१५)लगायतका ५ जना व्यक्तिहरूलाई बाल सुधार गृहमा रहनु पर्ने अवधि बाँकी छँदैको अवस्थामा निजहरूको उमेर अठार वर्ष पुगे पनि बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नु पर्नेमा उक्त कानूनी व्यवस्था विपरीत बालसुधार गृहबाट स्थानान्तरण गर्दै कारागारमा राख्नु गैरकानूनी कार्य भएको हुँदा उक्त गैरकानूनी थुनाबाट मुक्त गर्ने गरी बन्दीप्रत्यक्षीकरणलगायतको उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदन जिकिर र निवेदकलाई लागुऔषध खैरो हिरोइन मुद्दामा कञ्चनपुर जिल्ला अदालतको प.सं. ०७४/०७५, च. नं. २३२१ मिति २०७५।०१।३० गतेको पुर्जीका साथ पुर्पक्षका लागि बाल सुधार गृह डोटीमा राख्न ल्याएको र कारागार व्यवस्थापन विभागको च. नं. ८२४ मिति २०७७।०८।२१ को पत्रानुसार बाल सुधार गृह बाँकेबाट परिवर्तित नाम कन्चनपुर ७५ (१५) लाई यस कारागारमा राख्नुपर्ने भएकोले आदेशबमोजिम थुनामा राखिएको हो। गैरकानूनी थुनामा राखेको होइन, निवेदन खारेज गरीपाऊँ भन्ने बेहोराको कारागार कार्यालय बाँकेको लिखित जवाफ रहेको देखिन्छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को प्रस्तावनामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन, परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने उद्देश्य रहेको देखिन्छ। सोही ऐनको दफा १६ (१) मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने कुरा उल्लेख छ।

सोही ऐनको दफा ४३ को उपदफा (४) मा "बाल सुधार गृहमा रहेका बालबालिकाको सो सुधार गृहमा रहनु पर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानी व्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरतालगायतलाई ध्यान राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। बालसुधार गृहमा रहेका बालबालिकालाई उमेर पुगे पछि सुधारगृहका अन्य बालबालिकाबाट अलगसम्म गर्नु पर्ने तर अन्य उमेर पुगेका कैदी बन्दीलाई राखिने कारागारमा पठाउनु हुँदैन भन्ने बालबालिकासम्बन्धी ऐनले अंगिकार गरेको मान्यता हो भन्ने देखिन्छ।

बालबालिका भविष्यका कर्णधार हुन्। राज्यले उनीहरूको हितलाई ध्यान दिई अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। यसो गर्न सकेमा मात्र उनीहरूलाई अपराधिक दुनियामा प्रवेश गर्नबाट रोक्न सकिने हुन्छ। साथै बालसुधार गृहमा रहने बालबालिकाको उमेर समूहलाई हेर्दा सुधार गृहमा रहेका बालबालिकाहरूलाई १८ वर्ष उमेर पुरा गरेपछि पनि अन्य बालबालिकासँगै मिसाई सुधार गृहमा राख्दा अन्य बालबालिकामासमेत पर्न सक्ने जोखिमबारे पनि सरकारको ध्यान जानु आवश्यक देखिन्छ।

कानूनको द्वन्द्वमा परेका बालबालिकालाई १८ वर्ष पुगेपछि पनि वयस्कहरूबाट अलग राखिनु पर्छ भन्ने नै बालबालिकासम्बन्धी मानव अधिकार कानूनको निर्देश रहेको देखिन्छ। मानवअधिकार कानूनको यो निर्देशनको अनदेखा गर्न मिल्ने हुँदैन। यी रिट निवेदकहरू कारागार व्यवस्थापन विभागको पत्रले नभई अदालतको फैसलाबाट सुधार गृहमा राखिएको अवस्था देखिन्छ। अदालतको फैसला उल्टी वा बदर

नभएसम्म उनीहरूलाई गैरकानूनी थुनामा राखिएको मान्न मिल्ने हुदैन । वस्तुतः बन्दीप्रत्यक्षीकरणको आदेश गैरकानूनी थुनामा जारी हुने हो। सो अवस्था प्रस्तुत विवादमा नदेखिदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिएन। तर त्यस्तो आदेश जारी नभएको अवस्थामा पनि निजहरूलाई कारागार शाखामा स्थानान्तरण गर्ने कारागार व्यवस्थापन विभागको निर्णय र पत्रहरू तथा सोअनुसार निवेदकहरूलाई कारागारमा पठाउने र बुझ्ने समस्त कार्यहरू कानून विरूद्ध देखिएको छ।

माथि उल्लेखित आधार कारणहरूबाट कारागार व्यवस्थापन विभागको माथि उल्लेखित निर्णय र तत्पश्चात स्थानान्तरणको विषयमा भएका समस्त निर्णय र पत्रहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदकहरूलाई बाल सुधार गृह नेपालगंजमा नै फर्काई अन्य बालबालिकासँग मिसिन नपाउने गरी अलगै राख्ने प्रबन्ध मिलाउनु। सोको निम्ति जो जहाँबाट श्रोत साधनको व्यवस्था गर्नु पर्ने हो तुरून्त गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

**[परिवर्तित नाम कञ्चनपुर ७५ (१५) समेतका जना ५ को हकमा अजय शंकर झा “रूपेश” विरूद्ध कारागार कार्यालय बाँकेसमेत, ने.का.प. २०७९, अंक ३, नि नं. १०८३९, पृष्ठ ४८४]**

### ३. कैद अन्तिम विकल्पको रूपमा त्यसमा पनि सीमित समयको लागि हुनु पर्ने

बाल न्यायको उद्देश्य बालबालिकाअनुकूल न्याय हो र त्यस्तो न्याय गर्दा बालबालिकाको सर्वोत्तम हित कसरी हुन्छ भन्ने कुरा हेरिनुपर्ने हुन्छ। राज्यले प्रत्येक बालबालिकाको सर्वोत्तम हितलाई सदैव ध्यान दिइनुपर्ने; उनीहरूको विकासका खातिर सकेसम्मका उपायहरू अवलम्बन गरिनुपर्ने; आफू विरूद्धको कारबाहीमा सामेल हुन पाउने तथा सो कारबाहीका हरेक चरणमा प्रतिनिधित्व गर्न पाउने एवं आफ्नो अविभावकसँग रहन पाउने जस्ता बालबालिकाको अधिकारको सदैव ख्याल गरिनुपर्ने तथा साधारणतः बालबालिकालाई कैद वा थुनामा राख्नै पर्ने भएमा पनि अन्य विकल्पहरूको सम्भावना नभएमा मात्र अन्तिम उपायको रूपमा त्यसमा पनि सीमित समयको लागि मात्र कैद वा थुनामा राखिनुपर्ने।

**[परिवर्तित नाम ६६ (०७९ क) को हकमा र आफ्नो हकमासमेत परिवर्तित नाम ६६ (०७९ ख) विरूद्ध जिल्ला प्रहरी कार्यालय बर्दियासमेत, ने. का. प. २०८०, अंक ३, नि. नं. ११०५८, पृष्ठ ५५० ]**

### ४. जातक हत्यासम्बन्धी कसूरमा सजाय गर्दा न्यूनतम सजाय गरे पनि कानूनको उद्देश्य पूरा हुने

किशोर अवस्थामा हुने असुरक्षित यौन सम्बन्धजन्य कार्यबाट सिर्जित कसूरहरूमा बालबालिका वा किशोर किशोरीको अधिकारसमेतलाई मध्यनजर गर्नुपर्छ । असुरक्षित यौनजन्य कार्यबाट सिर्जित कसूरजन्य कार्यलाई उदार रूपमा नहेरी युवा अवस्थामा नै अधिक कैदमा राखिँदा त्यस्ता नाबालक वा किशोर किशोरीहरूको सामाजिक पुनर्स्थापनामा समस्या हुनसक्ने। किशोर अवस्थामा हुने असुरक्षित यौन सम्बन्धबाट सिर्जित गर्भधारणलाई अवैध, अनैतिक भन्नुभन्दा पनि असुरक्षित र असावधानीपूर्वक गरिएको यौन सम्बन्धको रूपमा हेरिनुपर्ने।

भ्रूणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भभित्र मात्र हुन्छ। त्यसैले

भ्रूणको कुनै स्वार्थ मान्ने नै हो भने पनि आमाकै विरूद्ध त्यस्तो स्वार्थ वहाल रहन्छ भन्न नमिल्ने भन्ने सिद्धान्त लक्ष्मीदेवी धित्त कै मुद्दामा स्थापित भैसकेको अवस्थामा कतिपय अवस्थाका कसूरहरूलाई गैर अपराधीकरण वा न्यून सजाय गर्नेसम्बन्धी; The March ८ Principles को पनि Principle १४ ले "No one may be held criminally liable on the basis of that their conduct is alleged to be harmful to their own pregnancy" भन्ने व्यवस्थालाई गम्भीरतापूर्वक हेरी जातक हत्यालाई कसूरजन्य कार्यको रूपमा सजाय गर्दा भ्रूणको निरन्तरता अन्तर्गत नहेरी महिला स्वतन्त्रता, सामाजिक परिवेश र प्रजनन हकको सन्तुलनतासमेतलाई हेरी न्यूनतम सजाय गर्दा पनि कानूनको उद्देश्य पूरा हुने। **[दुर्गा बहादुर वि. क. विरूद्ध प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार, ने. का. प. २०८०, अंक ४, नि. नं. ११०८२, पृष्ठ ७७२]**

### ५. १४ वर्ष उमेर नपुगेको नावालिगलाई एक वर्षसम्म बाल सुधार गृहमा नराखी छ महिना राख्नु पर्ने तथा गम्भिर र जघन्य कसूरको व्याख्या

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७ (ख) मा थुना वा कैदमा पठाउने कार्य अन्तिम उपायको रूपमा र सकेसम्म कम अवधिको लागि गरिनुपर्ने। दश वर्षदेखि माथि चौध वर्ष नपुगेको नाबालिगलाई एक वर्षसम्म सुधार गृहमा राख्नु बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तसमेत अनुकूल नहुने हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (२) मा छ महिना कैदको व्यवस्था गरिएबाट त्यति नै अवधिसम्म सुधार गृहमा रही भुक्तान गर्नुपर्ने अवधि हो र यही नै उक्त व्यवस्थाको सान्दर्भिक अर्थ हो।

दफा१६(१) मा उल्लेख भएको "कसूरको गम्भीरता र दोषको मात्रा" भन्ने शब्दावलीले कसूर कति गम्भीर हो, अर्थात् पीडितउपर के कस्तो क्षति पुग्न गएको छ, त्यस्तो क्षतिलाई समाजले कसरी हेरेको छ भन्ने आधारमा र त्यस्तो कसूरमा कानूनको द्वन्द्वमा परेको बालबालिका के कस्तो रूपमा संलग्न भएको छ, निजको दोषको मात्रा के कस्तो छ भन्ने आदि कुराहरूलाई व्यक्तिगत तहमा हेर्दै उसका सुधारका सम्भावना र पुनर्स्थापनाका आवश्यकताहरूलाई समेत दृष्टिगत गरी सजाय तोकिनुपर्ने।

बालबालिकाले जघन्य, गम्भीर वा सामान्यमध्ये कुन कसूर गरेको छ भन्ने कुराको वर्गीकरण अमुक अदालतले तोकेको वास्तविक सजायको आधारमा गरिने नभई कसूरको प्रकृति र कसूरबापत कसूरदारलाई सोही कानूनमा तोकिएको हुन सक्ने कैदको दायरा (range) को आधारमा हुने।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(ख) मा तीन वर्षभन्दा बढी कैदको सजाय हुने अवस्थाको बालबालिका नभनी "तीन वर्ष वा सोभन्दा बढी कैद गर्नुपर्ने कसूरजन्य कार्यको अभियोग लागेका बालबालिका" भन्ने शब्दावली प्रयोग भएको छ। सो शब्दावलीले गम्भीर र जघन्य कसूरलाई सङ्केत गरेको हो, बालबालिकाको सहभागिता वा दोषको मात्रालाई सङ्केत गरेको होइन भन्ने नै बुझ्नुपर्ने।

जघन्य र गम्भीर कसूरमा अदालत आफैँले सर्त तोकी बाबु आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाएको छ भने सम्बन्धित

बालबालिकाले तोकिएका सर्तहरूको पालना गरेको छ वा छैन भनी अनुगमन गर्ने दायित्व पनि अदालतमा नै रहन्छ। त्यस्तोमा तोकिएका सर्तहरूको पालना भएको छैन भन्ने अभिलेखबाट नदेखिएमा पछि फैसला हुँदा त्यस्तो सर्त तोकी जिम्मामा रहेको अवधिको सम्बन्धित बालबालिकाले सुधार गृहमा बस्ने अवधिभित्र गणना गरिनुपर्ने। उक्त कुरा बालअनुकूल न्याय, बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त र पुनर्स्थापकीय न्यायका मान्यता अनुकूल हुने।

**[परिवर्तित नाम ०५-५-ठ को हकमा रिदमा विष्ट विरूद्ध जिल्ला सरकारी वकील कार्यालय झापासमेत, ने. का. प. २०८०, अंक ४, नि. नं. ११०६४, पृष्ठ ६०१ वृहत पूर्ण इजलास]**

## ६. पुर्पक्षका लागि सुधार गृहमा राख्दा आधार र कारण स्पष्ट खुलाउनु पर्ने

बाल न्यायको कार्यमा संलग्न सबैले उमेर नपुगेको विशेष वर्गको व्यक्तिसँग व्यवहार गर्दै छौँ भन्ने सोची संवेदनशील भई न्याय सम्पादन गर्नुपर्ने। बालबालिकाको हकमा कैद वा सुधार गृहमा राख्ने कुरा अन्तिम विकल्प हो र सो पूर्व के गर्दा कानूनको द्वन्द्वमा परेको बालबालिकामा सुधार आउन सक्छ, भविष्यमा आपराधिक दुनियाँमा नपुगी राज्यको उपयोगी नागरिक (useful citizen) बन्न सक्छ भन्ने कुरालाई विशेष दृष्टि दिनुपर्ने।

कानूनले नै पुर्पक्षका अवस्थामा सुधार गृहमा राख्नेबारेमा विशेष आधार र कारण खुलाउनुपर्छ भनेको छ भने न्यायोचित आधार र कारण नखुलाई सुधार गृहमा राख्न नमिल्ने। बाल न्यायका सन्दर्भमा बाल इजलास गठन गर्न नसक्नु, बालसुधार गृह, सुधार गृह जस्तो हुनुपर्नेमा सो नहुनु, कसूरको परिभाषालाई परिवर्तन गर्नुपर्ने जस्ता विषयहरूमा सबै सरोकारवालाहरूले ध्यान दिनुपर्ने।

**[परिवर्तित नाम ७१ लम्की ८० को हकमा नवलकिशोर साह विरूद्ध जिल्ला प्रहरी कार्यालय कैलालीसमेत, ने. का. प. २०८०, अंक ६, नि. नं. १११९८, पृष्ठ ११७२]**

## ७. हाडनाता भित्रको व्यक्ति भन्ने वस्तुनिष्ठ प्रमाणबाट वादी पक्षले पुष्टि गर्नु पर्ने

प्रमाण ऐन, २०३१ को दफा २५ ले आफ्नो अभियोग दावी पुष्टि गर्ने भार वादी पक्षमा निहित गरिदिएको पाइन्छ। अभियुक्तउपरको प्रत्येक कसूर शंकारहित तवरले पुष्टि भएमा मात्र अभियुक्त सो कसूरमा कसूरदार ठहर हुने हो। अभियुक्तउपरको अनुमान र अपुष्ट कथनको आधारमा कसूर स्थापित हुन सक्दैन। शंका र अनुमान जतिसुकै प्रबल भए पनि यसलाई निर्णायक प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने पनि हुँदैन। प्रस्तुत मुद्दामा प्रतिवादी र पीडितबिचमा रहेको नाता सम्बन्ध तथा पुस्तवारी खुल्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेस हुन सकेको देखिँदैन। प्रतिवादीउपरको अभियोग दावी सप्रमाण पुष्टि हुन नसकेको अवस्थामा पीडितले वा जाहेरवालाले भनेको, अभियोग पत्रमा पीडित र प्रतिवादी हाडनाता सम्बन्धको व्यक्ति रहेको भन्ने उल्लेख भएको जस्ता आधारमा मात्र कसूरदारलाई थप सजाय गर्न न्यायसम्मत हुँदैन। तसर्थ, प्रमाणबाट पीडित र प्रतिवादी हाडनाता सम्बन्धको व्यक्ति रहेको भनी प्रमाणित नभएको अवस्थामा उल्लिखित दफा २२० (२) (घ) बमोजिम प्रतिवादीलाई थप सजाय हुनुपर्ने भन्ने वादी नेपाल

सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिँदा प्रस्तुत मुद्दामा प्रत्यर्थी झिकाइरहनुपर्ने देखिन नआउने। परिवर्तित नाम सङ्केत नं. ५२ (१८८) र पीडित परिवर्तित नाम सङ्केत नं. ५२ (१८५) आफ्नो वंशका ७ पुस्तासम्मका हाडनाता सम्बन्ध भएको व्यक्ति रहेको भनी वस्तुनिष्ठ प्रमाणबाट वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा, निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२० (२) (घ) बमोजिम थप १ वर्ष कैद र रू. १०,०००। – जरिवाना हुने एवं प्रतिवादीलाई ऐ. संहिताको दफा २२० (२) (घ) बमोजिम सजाय गरिपाउँ भन्ने हदसम्मको अभियोग दावी पुग्न नसक्ने र पीडित राहत कोषबाट पीडितले रू. ५०,०००। - क्षतिपूर्ति पाउने ठहर गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७८।०९।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

**[परिवर्तित नाम ५२ (१८५) को जाहेरीले नेपाल सरकार विरूद्ध परिवर्तित नाम ५२ (१८८) मुद्दाः-जबरजस्ती करणी (०७८-CR-१२२४), ने. का. प. २०८०, अंक ८, नि. नं. १०२३६]**

## ८. बाल अनुकूल न्याय बालबालिकाको सर्वोत्तम हित र पुनर्स्थापकीय न्यायका मान्यता अनुकूल हुनु पर्ने

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७ (ख) मा थुना वा कैदमा पठाउने कार्य अन्तिम उपायको रूपमा र सकेसम्म कम अवधिको लागि गरिनुपर्ने। दस वर्षदेखि माथि चौध वर्ष नपुगेको नाबालिगलाई एक वर्षसम्म सुधार गृहमा राख्नु बालबालिकाको सर्वोत्तम हितको सिद्धान्तसमेत अनुकूल नहुने हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) मा छ महिना कैदको व्यवस्था गरिएबाट त्यति नै अवधिसम्म सुधार गृहमा रही भुक्तान गर्नुपर्ने अवधि हो र यही नै उक्त व्यवस्थाको सान्दर्भिक अर्थ हुन्छ।

दफा १६ (१) मा उल्लेख भएको "कसूरको गम्भीरता र दोषको मात्रा" भन्ने शब्दावलीले कसूर कति गम्भीर हो, अर्थात् पीडितउपर के कस्तो क्षति पुग्न गएको छ, त्यस्तो क्षतिलाई समाजले कसरी हेरेको छ भन्ने आधारमा र त्यस्तो कसूरमा कानूनको विवादमा परेको बालबालिका के कस्तो रूपमा संलग्न भएको छ, निजको दोषको मात्रा के कस्तो छ भन्ने आदि कुराहरूलाई व्यक्तिगत तहमा हेर्दा उसका सुधारका सम्भावना र पुनर्स्थापनाका आवश्यकताहरूलाई समेत दृष्टिगत गरी सजाय तोकिनुपर्ने।

बालबालिकाले जघन्य, गम्भीर वा सामान्यमध्ये कुन कसूर गरेको छ भन्ने कुराको वर्गीकरण अमुक अदालतले तोकेको वास्तविक सजायको आधारमा गरिने नभई कसूरको प्रकृति र कसूरबापत कसूरदारलाई सोही कानूनमा तोकिएको हुन सक्ने कैदको दायरा (range) को आधारमा हुने।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ (२) (ख) मा तीन वर्षभन्दा बढी कैदको सजाय हुने अवस्थाको बालबालिका नभनी "तीन वर्ष वा सोभन्दा बढी कैद गर्नुपर्ने कसूरजन्य कार्यको अभियोग लागेका बालबालिका" भन्ने शब्दावली प्रयोग भएको छ। सो शब्दावलीले गम्भीर र जघन्य कसूरलाई सङ्केत गरेको हो, बालबालिकाको सहभागिता वा दोषको मात्रालाई सङ्केत गरेको होइन भन्ने नै बुझ्नुपर्ने।

जघन्य र गम्भीर कसूरमा अदालत आफैँले सर्त तोकी बाबु आमा, परिवारको अन्य सदस्य वा

संरक्षक र निजहरू नभए बालबालिकाको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाएको छ भने सम्बन्धित बालबालिकाले तोकिएका सर्तहरूको पालना गरेको छ वा छैन भनी अनुगमन गर्ने दायित्व पनि अदालतमा नै रहने । त्यस्तोमा तोकिएका सर्तहरूको पालना भएको छैन भन्ने अभिलेखबाट नदेखिएमा पछि फैसला हुँदा त्यस्तो सर्त तोकी जिम्मामा रहेको अवधिको सम्बन्धित बालबालिकाले सुधार गृहमा बस्ने अवधिभित्र गणना गरिनुपर्ने । उक्त कुरा बालअनुकूल न्याय, बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त र पुनर्स्थापकीय न्यायका मान्यता अनुकूल हुने ।

**[परिवर्तित नाम ०४-५-ठ को हकमा सार्वजनिक प्रतिरक्षा समाज नेपालसँग आबद्ध रिदमा विष्ट विरूद्ध जिल्ला सरकारी वकिल कार्यालय, झापासमेत मुद्दाः- बन्दीप्रत्यक्षीकरण (०७९-WF-०००२), ने. का. प. २०८०, अंक ४, नि. नं. ११०६४]**

## ९. असामान्य अवस्था सृजना भएकोमा १२० दिनभित्र मुद्दा किनारा गर्न बाध्यकारी नहुने

मुद्दा दायर भएको १२० दिनभित्र मुद्दा किनारा नभएको भनी ०७८-WH-०००८ मा निवेदिकालाई हालको अवस्थामा निजको थुनालाई न्यायोचित मान्न नसकिएको भनी संरक्षकको जिम्मा लगाउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिन्छ । कानूनले निर्देशित गरेको मितिभन्दा बढी अवधिदेखि बालसुधार गृहमा रहेको देखिँदा र बालबालिकाको सर्वोत्तम हित बाल न्यायको मार्गदर्शनसमेत रहेको स्थितिमा निज बन्दीलाई हालको स्थितिमा थुनामा राख्नुपर्ने मनासिब माफिकको कारण नदेखिएको भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिन्छ ।

०७९-WH-०१०४ मा निवेदकलाई लामो समयसम्म मुद्दा किनारा हुन नसकेको भए तापनि अभिभावकको जिम्मा लगाउने प्रक्रिया पूरा गर्नुपर्ने स्थिति देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था विद्यमान देखिएन भनी अभिभावकको जिम्मा लगाई मुद्दाको पुर्पक्ष गर्न परमादेश एवम् निर्देशनात्मक आदेशसमेत जारी भएको देखिन्छ ।

०७८-WH-०२१४ मा निवेदक १२ वर्षको देखिएकोले निजलाई ३ महिना बाल सुधार गृहमा राख्न पठाउने गरी मोरङ जिल्ला अदालतको मिति २०७८।१२।२० च. नं. को कैदी पुर्जी, पत्राचारलगायतका सम्पूर्ण कार्य कानूनसङ्गत देखिन नआएकोले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको देखिन्छ ।

असामान्य अवस्था वा काबु बाहिरको परिस्थितिका सम्बन्धमा ०७६-RE-०३९२ को प्रतिवेदन तथा ०७६-WO-०९४४ को परमादेशको निवेदनमा व्याख्या भएको सन्दर्भमा असामान्य अवस्था वा काबुबाहिरको परिस्थिति परेको मानी १२० दिनको समयसीमा नघाएर पनि मुद्दा किनारा गर्न सकिने देखियो । हाल बाल अदालत गठन भई नसकेको स्थितिमा बाल इजलासबाट नै बालबालिकाको मुद्दाको सुरू कारबाही र किनारा गर्नुपर्ने कुरामा असहमत हुनुपर्ने पनि देखिँदैन । बालबालिकासम्बन्धी ऐनको दफा २४ को उपदफा (१) मा रहेको व्यवस्थाले कानूनको विवादमा परेका बालबालिकालाई पुर्पक्षको सिलसिलामा अरू विकल्प भएसम्म थुनामा राख्ने तथा धरौटी वा जमानत माग गर्ने गरी थुनछेक आदेश गर्न मिल्ने देखिँदैन । उपदफा (२) ले ३ वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसूरजन्य कार्यको अभियोग

लागेका बालबालिकालाई कसूरदार देखिने आधार भएमा बालसुधार गृहमा राख्ने गरी थुनछेक आदेश गर्न सकिने देखिन्छ। दफा २४ को उपदफा (२) को अवस्थामा बाहेक बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने सर्तमा बाबु आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरू नभए बालबालिकाको हक हितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउने गरी आदेश गर्नुपर्ने देखिन्छ। यो कानूनी व्यवस्थाको अध्ययनबाट बालबालिकालाई बालसुधार गृहमा राखेर वा अभिभावक वा संरक्षकको जिम्मा लगाउने भन्ने विषयको निरूपण अपराध गर्दाको परिस्थिति र अवस्था, कसूरको प्रकृति, नाबालिगको उमेर, कसूरको गाम्भीर्य, सामाजिक परिवेशसमेतलाई दृष्टिगत गरी सुनुवाइ गर्ने न्यायाधीशले नै प्रत्येक मुद्दालाई पृथक तवरले हेरी विवेकसम्मत आदेश गरिनुपर्ने देखियो।

जघन्य र गम्भीर भनिएका कतिपय कसूर कतिपय अवस्थामा गम्भीर नहुन पनि सक्छन्। जबरजस्ती करणी कसूरलाई नै हेर्ने हो भने यही कसूर १४ वर्षमुनिका नाबालिगले गरेमा गम्भीर वा जघन्य नहुन सक्छ। तर यही कसूर १७ वर्षका बालबालिकाले गरेमा ३ वर्षभन्दा बढी सजाय हुने भई गम्भीर वा जघन्य कसूरमा पर्ने देखिन्छ। मुद्दामा दुवै पक्ष बालबालिका रहेकोमा पीडित र प्रतिवादी दुवैको अवस्थालाई समेत विचार गरी बालसुधार गृहमा राख्ने कि अभिभावकको जिम्मा लगाउने भनी आदेश गरिनुपर्छ। कानूनको विवादमा परेका बालबालिकालाई समाजमा राख्दा समाज र पीडितले असुरक्षा तथा अन्यायको महसुस गर्नसक्ने अवस्था रहेमा पीडितको अधिकारलाई समेत ध्यानमा राखी हेरिनुपर्छ।

कानूनको विवादमा परेका बालबालिकालाई अभिभावकको जिम्मा लगाउनुपर्ने अवस्थामा पनि त्यस्ता बालबालिकालाई समाजबाट हुनसक्ने असुरक्षाको स्थिति र त्यस्ता बालबालिकाका कारण समाजले असुरक्षा महसुस गर्ने स्थिति देखिएमा बालसुधार गृहमा राख्नु उपयुक्त हुने देखिन्छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ बमोजिम थुनछेक आदेश गर्दा पनि बालबालिकाउपरको मुद्दामा आरोपित कसूर र सो कसूरमा हुनसक्ने सजायसमेतलाई विचारगरी गम्भीर, जघन्य वा सामान्यमध्ये कुन कसूर गरेको देखिन्छ, तदनुरूप सम्बन्धित कानूनले तोकेको सजायको दायरा हेरी गम्भीर वा जघन्य कसूर गरेको देखिन आएमा दफा २४ को उपदफा (२) को (क) र (ख) को अवस्थाकोसमेत विश्लेषण गरी कैदको सजाय हुनसक्ने देखिई थुनामा राख्नुपर्ने अवस्था भए बालसुधार गृहमा पठाउने र त्यसबाहेक दफा २४ को उपदफा (३) बमोजिमको अवस्था देखिएमा अभिभावकको जिम्मा लगाउने गरी आदेश गर्नुपर्ने।

असामान्य अवस्था सिर्जना भई ऐनको दफा ३७ बमोजिमको १२० दिनभित्र मुद्दा किनारा हुन नसकी सो अवधिपश्चात पनि निवेदक निरन्तर बालसुधार गृहमा रहेको देखिन्छ। माथि विवेचना भएअनुसार उक्त १२० दिनको समयसीमा सामान्य अवस्थाका लागि भएको र यी निवेदकउपर चलेको मुद्दामा अनिवार्यरूपमा अवलम्बन गर्नुपर्ने प्रक्रिया एवम् कार्यविधि पूरा गर्नुपर्ने कारणले असामान्य वा काबुबाहिरको विशेष परिस्थिति परी निर्धारित अवधिमा मुद्दा किनारा हुन नसकेको देखिएको हुँदा ऐनको दफा ३७ ले तोकेको १२० दिनको अवधिपछि पनि निवेदकलाई निरन्तर बालसुधार गृहमा राखिएको थुनालाई गैरकानूनी भन्न मिल्ने नदेखिएको स्थितिमा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी

हुसक्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३७ ले तोकेको १२० दिनको अवधिमा मुद्दा किनारा गर्न नसकेकोले सो अवधिपछि पनि बालसुधार गृहमा राख्न नमिल्ने भनी यस अदालतमा परेका निवेदनहरूमा आदेश गर्दा न्यायिक दृष्टिकोणमा विविधता भएकाले एकरूपता कायम गर्न आवश्यक न्यायिक नीति कायम गर्न भनी प्रस्तुत निवेदन यस इजलाससमक्ष पेस भएको र माथि विवेचना भएअनुसार असामान्य अवस्था सिर्जना भएमा १२० दिनको अवधिभित्र मुद्दाको किनारा गर्न बाध्यकारी नहुने देखिएको स्थितिमा देशभरका बाल इजलासबाट हुने बाल न्याय निरूपणमा सहजता प्रदान गरी यस अदालतबाट हुने बाल न्यायसम्बन्धी आदेशमा रहने न्यायिक दृष्टिकोणमा सकेसम्म एकरूपता कायम गर्न शीघ्र तथा बालमैत्री एवम् प्रभावकारी बाल न्याय प्रणालीको सुनिश्चित गर्न निर्देशनात्मक आदेश जारी गर्नुपर्ने आवश्यकता देखियो।

१. बालबालिकासम्बन्धी मुद्दाको सन्दर्भमा गराउनुपर्ने प्रयोगशाला परीक्षण तत्कालै गरी गराई यथासमयमा परीक्षण प्रतिवेदन दिन उच्च प्राथमिकता दिनु भनी राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका साथै प्रहरी विधि विज्ञान प्रयोगशालाका साथै प्रहरी प्रधान कार्यालयमार्फत केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालालाई समेत लेखी पठाउनू।

२. निरीक्षणसम्बन्धी निर्देशिका, २०७६ मा रेहेको यस अदालतबाट हुने पुनरावेदन तहको अदालत तथा न्यायाधिकरणका साथै उच्च अदालतबाट हुने मातहत अदालतको निरीक्षण गर्दा आधार बनाउने बुँदाहरू चक लिष्ट मा (१२०) दिनभित्र बालबालिकाको मुद्दा फैसला गरे नगरेको र सो अवधिभित्र नभएकोमा सोको कारण उल्लेख गर्नुपर्ने गरी विवरण थप गर्ने र यस अदालतबाट हुने मातहत अदालतको निरीक्षणमा बाल न्यायसम्बन्धी विषयलाई जोड दिई निरीक्षण गरी आवश्यक निर्देशन दिने व्यवस्था यस अदालतले मिलाउने।

३. रिट निवेदक कानूनको विवादमा परेका नाबालक रही बालबालकासम्बन्धी ऐन, २०७५बमोजिम बालबालिकाको सर्वोत्तम हित हुने गरी बालअनुकूल न्यायलाई सुनिश्चित गर्नुपर्ने देखिएको र निवेदकलाई बालसुधार गृहमा राख्ने गरी थुनछेक आदेश भएकोमा मुद्दा दायर भएको मितिले १२० दिनको समयावधि नाघिसकेको भए पनि मुद्दा किनारा हुन नसकेको वस्तुनिष्ठ कारण र अवस्थासमेतका समग्र पक्षमा विचार गर्दा निज निवेदकउपर चलेको ०७८-C१-००५८ को ज्यानसम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा निर्धारित समयमा फैसला हुन नसकेको कारण र आधारहरू खुलाई सम्बन्धित इजलासले आदेश गरी मिसिलसामेल गरी उक्त मुद्दा निरन्तर सुनुवाइ हुने व्यवस्था गरी यथाशीघ्र किनारा गरी बालअनुकूल न्यायको सनिश्चितता गर्नु भनी प्रत्यर्थीमध्येको जिल्ला अदालत दोलखाका नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

४. बालबालिका पक्ष रहेको मुद्दामा असामान्य वा विशेष परिस्थिति सिर्जना भई १२० दिनभित्र बालबालिकाको मुद्दा किनारा वा फैसला गर्न नसकिने भएमा सम्बन्धित इजलासले सोको कारणसमेत खुलाई आदेश गरी सम्बन्धित मिसिलसामेल रहने व्यवस्था मिलाउने गर्नु भनी सबै जिल्ला अदालतहरूमासमेत लेखिपठाउनू।

५. बाल इजलासमा तोकिएका जिल्ला न्यायाधीशलाई सकेसम्म निर्वाचन काजमा नखटाउने र खटाउनै पर्ने भएमा बाल न्याय सम्पादनको कार्यमा निरन्तरता हुने गरी मात्र खटाउने व्यवस्था गर्नु भनी न्याय परिषद्लाई समेत लेखी पठाउनू।

**[परिवर्तित नाम (कालिञ्चोक १२०) विरूद्ध जिल्ला सरकारी वकील कार्यालय दोलखासमेत, ने. का. प. २०८०, अंक ११, नि. नं. ११११९१, पृष्ठ १९८७, ०७९-WF-०००५, बन्दीप्रत्यक्षीकरण, पूर्ण इजलास]**

## १०. वरिष्ठतम न्यायाधीशको अनुपस्थितिमा त्यसपछिको वरियतामा रहने जिल्ला न्यायाधीशले बालबालिकासम्बन्धी मुद्दा हेर्न मिल्ने

बाल न्यायको सुनिश्चितता गर्नका लागि जिल्ला अदालतको कुनै न्यायाधीशलाई तोक्न सक्ने बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ६ को अधिकार प्रयोग गरी सम्माननीय प्रधान न्यायाधीशज्यूबाट जिल्ला अदालतको वरिष्ठतम न्यायाधीशलाई बालबालिका सम्बन्धित मुद्दा हेर्न तोकिएको देखिन्छ। उक्त नियम ६मा प्रधान न्यायाधीशले तोकेको जिल्ला न्यायाधीशले बाल इजलासको न्यायाधीशको रूपमा काम गर्ने छ भन्ने व्यवस्था रहेको र सोही अधिकारको प्रयोग गरी पहिले वरिष्ठतम न्यायाधीशलाई मात्र सो मुद्दा हेर्न तोकिएकोमा पछि २००भन्दा बढी मुद्दा संख्या भएको जिल्ला अदालतमा दोस्रो वरीयताको जिल्ला न्यायाधीशलाई समेत सो मुद्दा हेर्न तोकिएको देखियो। वरिष्ठतम न्यायाधीश भनेरै तोकिएपछि वरिष्ठतम भन्नाले कसलाई बुझ्ने भनी विवेचना गर्नुपर्ने देखियो।

वरिष्ठतम न्यायाधीशको अनुपस्थितिमा दोस्रो वरीयताको न्यायाधीश वरिष्ठतम हुने हो वा होइन भन्ने महत्त्वपूर्ण सवाल अन्तरनिहित रहेको छ। सामान्यतया सम्बन्धित अड्डामा दरबन्दी रहेका सम्पूर्ण न्यायाधीशहरूमध्ये वरीयताक्रम सबैभन्दा माथि रहेका न्यायाधीश नै वरिष्ठतम न्यायाधीश हुन्छन्। निजको अनुपस्थितिमा निजपछिको दोस्रो वरीयताको न्यायाधीश वरिष्ठतम हुन्छन् । जिल्ला अदालतको वरिष्ठतम न्यायाधीशले सो अदालतको मुख्य व्यक्ति भई कामकाज गर्नुपर्ने र अदालत भनेको अविच्छिन्न उत्तराधिकारवाला (Perpetual Succession) निकाय भएकाले यसमा वरिष्ठतम न्यायाधीश विहीनताको अवस्थामा हुन नसक्ने हुँदा उपलब्धमध्ये सबैभन्दा माथिल्लो वरीयताक्रममा रहेका न्यायाधीश स्वतः वरिष्ठतम हुने प्रचलन कायम रहेको पाइन्छ । यसर्थ वरिष्ठतम जिल्ला न्यायाधीश को हुने भन्ने विषय निरपेक्ष नभई सापेक्षित अवधारणा हो । अविच्छिन्न उत्तराधिकारको अवधारणाअनुसार पहिले कायम भएको वरिष्ठतम न्यायाधीशको अनुपस्थितिमा उपस्थितमध्ये सापेक्षित हिसाबले माथिल्लो वरीयताक्रम रहेको न्यायाधीश स्वतः वरिष्ठतम न्यायाधीश कायम हुने देखिन्छ। तसर्थ, कैलाली जिल्ला अदालतका वरिष्ठतम न्यायाधीशको अनुपस्थितिमा दोस्रो वरीयताका जिल्ला न्यायाधीशज्यूले बालबालिका सम्बन्धित मुद्दा हेरेको कार्यलाई क्षेत्राधिकारको उल्लङ्घन भएको भनी मान्न मिलेन।

निवेदक परिवर्तित नाम ७१ धनगढी ३३ र परिवर्तित नाम ७१ धनगढी ३४, १४ वर्षभन्दा माथि १६ वर्षमुनिका नाबालक भएको र निजहरूउपरको कसूर प्रमाणित भएमा निजहरूलाई तीन वर्ष

वा सोभन्दा बढी सजाय हुने नदेखिएकोले उपर्युक्त कानूनी व्यवस्थाहरूको आधारमा निजहरूलाई मुद्दा पुर्पक्षको लागि बाल सुधार गृहमा राख्ने गरी कैलाली जिल्ला अदालतबाट मिति २०७८।०९।२० मा भएको आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरी निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने। निज परिवर्तित नाम ७१ धनगढी ३३ र परिवर्तित नाम ७१ धनगढी ३४ लाई तारेखमा राखी मुद्दा पुर्पक्ष गर्ने प्रयोजनार्थ कैलाली जिल्ला अदालतमा निजलाई उपस्थित गराई तारेखमा अदालतमा उपस्थित गराउने गरी कानूनबमोजिम अभिभावकको जिम्मा लगाई बाल सुधार गृहबाट आजै छोडिदिनु भनी कैलाली जिल्ला अदालतलाई लेखी पठाउनु।

**[परिवर्तित नाम ७१ धनगढी ३३ समेत विरूद्ध जिल्ला प्रहरी कार्यालय, कैलालीसमेत, मुद्दाः बन्दीप्रत्यक्षीकरण, ने. का. प. २०८०, अंक १०, नि. नं. १११८३, पृष्ठ १८८४]**

### ११. नाबालिगलाई अभिभावकको जिम्मा लगाउँदा पीडितलाई पर्न जाने असर वा प्रभावसमेत विचार गर्नु पर्ने

बालबालिकाको हकमा जुनसुकै प्रकृतिका मुद्दामा मुद्दा किनारा गर्नुपर्ने अवधि समान एक सय बिस दिन तोकिएको तथा सामान्य, गम्भीर र जघन्य प्रकृतिको कसूरसँग सम्बन्धित मुद्दालाई नछुट्ट्याई सामान्यदेखि जघन्य प्रकृतिको कसूरसँग सम्बन्धित सबै मुद्दामा विधायिकाले मुद्दा किनारा गर्नुपर्ने अवधि नै निश्चित गरिदिएको अवस्थामा अदालतले कानून निर्माताले सबै परिस्थितिलाई हृदयङ्गम गरी निर्धारण गरेको हो भनी मान्नुपर्ने।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७ (१) मा "सामान्यतया" शब्दको प्रयोग भएका कारण कानूनले निर्धारण गरेको समयसीमाभित्र मुद्दाको किनारा हुन नसकेको अवस्थामा सो समयावधिभित्र मुद्दा फैसला हुन नसक्नुको मनासिब कारण मिसिलबाट देखिनु अपरिहार्य हुने। वस्तुतः मिसिलबाट देखिएका ढिलाइका कारणहरूलाई सम्बोधन गर्ने र अनुचित विलम्ब भएको अवस्थामा सोको जवाफदेहिताको सुनिश्चितता गरिँदा मुद्दाको कारबाहीमा हुन जाने ढिलासुस्ती सम्बोधन भई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३७ को कार्यान्वयन प्रभावकारी हुनसक्ने।

बाल सुधार गृहमा राख्ने आदेश भएको नाबालिगलाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने आदेश गर्दा बाल इजलासले यसबाट पीडितलाई पर्नजाने असर वा प्रभावलाई समेत विचार गर्नुपर्ने। फौजदारी मुद्दाका पीडितहरूको चाहना अभियुक्तलाई थुनामा नै राखी कारबाही होस् र कठोरतम सजाय होस् भन्ने हुने भए तापनि अभियुक्तले कानूनले प्रदान गरेका सुविधा उपभोग गर्न पाउने र बालबालिकाको हकमा कानूनले प्रदान गरेका अन्य हक अधिकारसमेत सान्दर्भिक हुने भएकाले बाल इजलासले आदेश गर्दा यी दुवै दृष्टिकोणलाई सन्तुलित रूपले सम्बोधन गर्नुपर्ने।

**[परिवर्तित नाम नयाँ बस्ती "क" को हकमा कानून व्यवसायी अधिवक्ता पुष्पराज पौडेल विरूद्ध सिन्धुली जिल्ला अदालतसमेत, मुद्दाः बन्दीप्रत्यक्षीकरण, ने. का. प. २०८१, अंक २, नि. नं. ११२४२, पृष्ठ २२१]**

## १२. रोमियो जुलियटसम्बन्धी

### १२क. रोमियो जुलियटसम्बन्धी उमेर अवस्थामा थोरै सजाय गरे पनि कानूनको उद्देश्य पूरा हुने

बाल उमेरमा शारीरिक सम्बन्ध (Sexual intercourse) हुन सक्ने वा बालविवाह हुनसक्ने पक्षलाई दृष्टान्तगत रूपमा नै स्वीकार गरेको पाइन्छ। साथै अमेरिकालगायत कतिपय देशमा उमेर नपुगेका केटाकेटीबीच सहमतिमा भएको शारीरिक सम्बन्धलाई Romeo and Juliet Law को रूपमा ग्रहण गरी उमेर छुटको कानून (Close-in-age-exemption) समेतको व्यवस्था देखिन्छ।

उमेर नपुग्दै दुवै बीच विहावरी भएको व्यहोरामा दुवैले नै स्वीकार गर्नुका साथै अदालतबाटसमेत दुवै बीच नाता सम्बन्ध कायम भएको अवस्था परिस्थितिलाई विचार गरी उमेर नपुग्दै भएको विवाहलाई हाम्रो कानूनले वालविवाहको संज्ञा दिई कानूनी व्यवस्थासमेत गरेको पाइन्छ।

प्रतिवादी र परिवर्तित नाम त्रियुगा खोलासँग प्रेम सम्बन्ध भई उमेर नपुगेकी नावालिकासँग विवाह गरेको भन्ने देखिएको स्थितिमा कानूनतः जबरजस्ती करणी (Statutory Rape) समेत प्रस्तुत मुद्दामा परिचर्चा गर्न सान्दर्भिक हुन आउने देखिन्छ।

आपराधिक कार्यको रोहबाट प्रस्तुत वारदात हेर्दा प्रतिवादी उपर अपहरण तथा शरीर बन्धक एवं जबरजस्ती करणीको अभियोग भए तापनि बालविवाह भई सामाजिक परिवेशमा पति पत्नीको रूपमा परिवार बनाई बसेको तथ्य स्थापित हुन आएको पाइन्छ। साथै अपराधिक दुराशय (*Mens Rea*)को सन्दर्भबाट हेर्दा जबरजस्ती करणी कृयामा अभियुक्तको उद्देश्य करणी गर्नमा सिमित रहन्छ भने बालविवाहका बखत हुन सक्ने करणी अपराधिक मनसाय नभई सामाजिक मान्यता, समाज विकासको आधारभूत पक्ष एवं शारीरिक आवश्यकता भएकोले विवाहित पति पत्निको भावना साथ शारीरिक सम्पर्क रहेको हुन सक्ने अवस्था रहन्छ।

यी दुवै कसूरका सम्बन्धमा रहे भएको आधारभूत फरकपनलाई नछुट्याउने हो भने बालविवाहसम्बन्धी कानूनमा भएको व्यवस्था नै अन्ततोगत्वा निस्कृय रहन जाने अवस्था बढ्छ। साथै प्रस्तुत दुई प्रकारका कसूरको सम्बद्ध तथ्यका आधारमा वर्गीकरण नगरी निरपेक्ष रूपमा व्याख्या गरिएमा रोमन कानूनको ***culpae poena par esto*** (The punishment prescribed for a crime should be proportional to the seriousness of the crime) भन्ने सर्वस्वीकार्य उक्ति निस्तेज हुन जान्छ। **Just Desert principle** अर्थात "The philosophy of a fair and appropriate punishment that is related to the severity of the crime was committed". प्रतिवादीले गरेको कार्यको प्रकृति (Nature), प्रचलित कानूनका साथै दण्ड सजायको तार्किक र न्यायपूर्ण व्याख्यासमेतको कोणबाट निज प्रतिवादीको कसूर बालविवाह अन्तर्गत पर्न जाने देखिन्छ।

वादी नेपाल सरकारले अपहरण गरी शरीर बन्धक बनाई जबरजस्ती करणी गरेको तर्फ अभियोग माग दावी लिएकोमा सोतर्फ अभियोग दावी ठहर हुने अवस्था नदेखिएको तथा प्रतिवादी र पीडितबीच प्रेम सम्बन्धका कारणबाट आपसी सहमतिमा विवाह गर्ने सम्मको कार्य भएको देखिएकोले प्रस्तुत अभियोग दावी

रहेको मुद्दालाई बालविवाहमा परिणत गरी उमेर पुगेको प्रतिवादीलाई सजाय नै प्रस्तुत मुद्दामा कानूनको समुचित व्याख्या हुने देखिन आयो।

पुनरावेदक प्रतिवादीले पीडितलाई अपहरण तथा शरीर बन्धक बनाई जबरजस्ती करणी गर्ने सम्मको कसूर स्थापित भएको नदेखिएको र दुवैबीचको आपसी सहमतिमा विवाह गर्ने सम्मको कार्य गरेको देखिएको हुनाले उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसला केही उल्टी भई सो अभियोग दावीबाट सफाई पाउने र पुनरावेदक प्रतिवादीले पीडित परिवर्तित नाम त्रियुगा खोला उपर बाल विवाहको कसूर गरेकोले साविक मुलुकी ऐन, विहावरीको महलको २ नं. को (३) बमोजिम ६ (छ) महिना कैद र रू. १०,०००। – (दशहजार रूपैयाँ) जरिवाना हुने ठहर्छ।

**[सन्तोष कुमार यादव विरूद्ध परिवर्तित नाम सँगीताको जाहेरीले नेपाल सरकार, मुद्दाः- अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी (०७५-CR-२६३८), संयुक्त इजलास, फैसला मितिः- २०७९।७।२८]**

### १२ख. रोमियो जुलियट उमेरका पीडित र प्रतिवादी बीच सहमतिमा विवाह भएकोमा जबरजस्ती करणीको अन्य अवस्थामा जस्तो कठोर सजाय गर्नु विवेकसम्मत नहुनेः

प्रतिवादी टिका भन्ने चेतन लावती उपर नाम परिवर्तित सेलिना सुब्बा (शेर्मा) लाई जबरजस्ती करणी गरेको भनी मुलुकी ऐन, जबरजस्ती करणीको महल ३ नं. को देहाय (३) बमोजिम सजाय गरी पीडितलाई ऐ. ऐन महलको १०नं .बमोजिम सजाय गरी पीडितलाई ऐ. ऐन महलको १० नं बम शप्रतिवादीको अंशभागबाट उचित क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा सुरू पाँचथर जिल्ला अदालतबाट अभियोग दाबीबाट सफाइ पाउने भन्दै १४ वर्ष उमेर नपुगेकी केटीसँग प्रतिवादीले विवाह गरेको देखिएकोले मुलुकी ऐन, विहावरीको २(३) नं.बमोजिम रू.१०,०००।- (दश हजार) जरिवाना गर्ने गरी भएको फैसलाउपर वादी नेपाल सरकार र प्रतिवादी चेतन लावतीका तर्फबाट पुनरावेदन अदालत इलाममा पुनरावेदन परेकोमा सुरू जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेकोले प्रतिवादी टिका भन्ने चेतन लावतीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ३बमोजिम ८(आठ) वर्ष कैद सजाय हुने तथा पीडितलाई रू.५०,०००। -(पचास हजार) रूपैयाँ क्षतिपूर्ति प्रतिवादीबाट भराई पाउने गरी मिति २०६८।०९।०५ मा तत्कालीन पुनरावेदन अदालत इलामबाट भएको फैसला उपर प्रतिवादी टिका भन्ने चेतन लावतीको यस अदालतसमक्ष पुनरावेदन परेको देखियो।

पीडित र प्रतिवादीबीच मिति २०६६।१२।२२ मा सामाजिक परम्पराअनुसार विवाह भई पति पत्नी भएको भन्ने तथ्य मेचीनगर नगरपालिकाको कार्यालय, झापाबाट मिति २०६९।०५।१९ मा दर्ता नं. २३१ को विवाह दर्ताको प्रमाण-पत्र, पीडित नाम परिवर्तन सेलिना सुब्बा (शेर्मा) ले झापा जिल्ला अदालतमा लोग्ने स्वास्नीको सम्बन्ध बिच्छेद गरिपाउँ भनी दिएको फिरादपत्र र पीडित तथा प्रतिवादीबीच लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने गरी झापा जिल्ला अदालतबाट मिति २०६९।०५।२६ गते भएको मिलापत्रबाट

समर्थित भएको पाइयो।

कसै विरूद्ध केवल अभियोग लगाउनु मात्र पर्याप्त आधार हुन सक्दैन। अभियोजनकर्ताले केवल अभियोग लगाउने मात्र नभई आफूले लगाएको अभियोगलाई ठोस, वस्तुनिष्ठ आधार र प्रमाणले पुष्टि गर्न सक्नु पर्दछ। विवादास्पद प्रमाण वा संदिग्ध र शंकाको अवस्थामा कसूरदार कायम गरी सजाय गर्न नमिल्ने, शंका जतिसुकै ठूलो भए पनि प्रमाणको रूप ग्रहण गर्न नमिल्ने (Even highest degree of suspicion cannot take place of evidence) भन्ने प्रमाणशास्त्रको सिद्धान्तसमेत रही आएको पाइन्छ। यस्तै प्रकारले कुनै कसूर स्थापित हुनको लागि प्रतिवादीको कार्य प्रत्यक्ष, सार्थक र निश्चयात्मक प्रमाणबाट शङ्कारहित तवरले पुष्टि भएको हुनुपर्दछ। प्रमाण ऐन, २०३१ को दफा २५बमोजिम फौजदारी मुद्दामा अभियुक्त उपरको कसूर प्रमाणित गर्ने भार वादी पक्षमा रहने व्यवस्था छ। उक्त कानूनी व्यवस्थाअनुसार फौजदारी कसूर सम्बन्धमा अभियोजन पक्षले प्रतिवादीउपर लगाएको आरोपलाई शङ्कारहित तवरले पुष्टि गर्नुपर्दछ। अभियोजन पक्षले लगाएको आरोप पुष्टि गर्ने क्रममा शङ्काको कुनै गुञ्जाइस रहनु हुँदैन। पुनरावेदक प्रतिवादी र नाम परिवर्तित सेलिना सुब्बा (शेर्मा) बीचमा प्रेम सम्बन्ध रहेकोले आपसी सहमतिमा विवाहसमेत भएको तथ्य निजहरूको वयान व्यहोरा, निजहरूबीचको विवाह दर्ताको प्रमाणपत्र, झापा जिल्ला अदालतमा भएको सम्बन्ध विच्छेदको मिलापत्रसमेतबाट पुष्टि भएको देखिएको अवस्थामा प्रतिवादीले यी पीडितलाई ललाई फकाई प्रेमजालमा पारी जबरजस्ती करणी गर्नेसम्मको कसूर गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी ठोस र तथ्ययुक्त प्रमाणबाट खम्वीर हुन आएको नदेखिई निजहरूबीचमा कायम रहेको प्रेम सम्बन्धलाई वैवाहिक बन्धनमा परिणत गर्ने सहमति भई विवाह गरी पति पत्नीको सम्बन्ध कायम गरी बसी आएको देखियो।

बालबालिका संलग्न करणीसम्बन्धी विवादहरूमा विभिन्न देशहरूले उनीहरूको सकारात्मक प्रतिरक्षा (Affirmative defense) का लागि अपवादात्मक छुट्टै कानूनी व्यवस्थाको विकास गरेको पाइन्छ। भारतमा बालबालिकाहरूमा हुने करणीसम्बन्धी कसूरमा बालबालिकाहरूको हितको संरक्षणका लागि Protection of Children from Sexual Offences Act, २०१२ (POCSO Act) मार्फत छुट्टै कानूनी व्यवस्था गरेको पाइन्छ। बालबालिकामा हुने करणीसम्बन्धी विवादको सम्बन्धमा Madras High Court बाट Vijaylakshmi & Anr Vs. State Rep. (२०२१) को मुद्दामा POCSO Act ले बालबालिकाको संरक्षण सम्बन्धमा अदालतले विवेक प्रयोग गरी न्याय गर्न सक्ने भन्नेसमेतको व्याख्या भएको पाइन्छ। त्यसैगरी बालबालिका संलग्न करणीसम्बन्धी विवादमा अमेरिकाका विभिन्न state हरूमा Romeo and Juliet law को व्यवस्था गरी परिस्थितिवस करणीको विवादमा परेका बालबालिकाको संरक्षणका लागि छुट्टै कानूनी व्यवस्था गरेको पाइन्छ। उक्त व्यवस्थाअनुसार अमेरिकाको टेक्सास (Texas) राज्यले कानूनी रूपमा सहमतिमा भएको यौन सम्पर्क (करणी) गर्ने व्यक्तिहरू बीचको उमेर ३ वर्ष वा सोभन्दा कम उमेरका युवा युवतीबीच सहमतिमा करणी भएमा त्यस्ता व्यक्तिलाई Romeo and Juliet Lawअनुसारको कानून आकर्षित हुने व्यवस्था रहेको पाइन्छ।

यस्तो कानूनले बालबालिकाबीच हुने करणीलाई कानूनबमोजिम हुने जबरजस्ती करणी (Statutory

rape) को वर्गभित्र राखी सजाय हुने व्यवस्थाको विकल्पको रूपमा सकारात्मक सुरक्षात्मक दृष्टिकोणबाट लिएको हुन्छ। यस्तो कानूनले बालबालिकाहरूले प्राकृतिक रूपमा शारीरिक विकासको कारणबाट उत्पन्न हुने परिस्थितिका कारण आपसी प्रेम सम्बन्धमा परी करणी भएको अवस्थामा निजहरूको यथार्थ अवस्थाको विश्लेषण गरेर तिनीहरूको समूचित संरक्षण गर्नु पर्ने उद्देश्य लिएको हुन्छ । यसले बालबालिकाहरूलाई भविष्यमा नकारात्मक असर नपरोस भनी उचित संरक्षणको लागि "Affirmative defense" लाई बढावा दिएको हुन्छ।

प्रस्तुत मुद्दाको वारदात मिति २०६६।१२।२२ मा भएको हुँदा मुलुकी ऐन प्रचलित रहेको अवस्था देखियो । तत्कालीन मुलुकी ऐन, विहावरीको महलको २ नं. मा "विहावरी गर्दा महिला र पुरूषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन। विवाह गरे गराएमा सो गर्ने गराउनेमध्ये उमेर पुगेका मुख्यलाई देहायबमोजिम हुन्छ" भन्ने व्यवस्था रहेकोछ। उक्त कानूनी व्यवस्थाले विवाह गर्ने उमेरको हदसम्म खुलाई त्यस्तो हदभन्दा कम उमेरकाले विवाह गर्न नहुने भन्नेसम्मको व्यवस्था गरेको अवस्था छ। तर, उक्त कानूनी व्यवस्थाले त्यस किसिमको विवाह स्वतः बदर हुने (void) भनी खुलाएको देखिँदैन । ऐ.को देहाय-९ मा "लोग्नेमानिस वा स्वास्नीमानिसमध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछन् भने अठार वर्ष उमेर नपुगी विवाह भएकोले अठार वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ" भन्ने व्यवस्था रहेको छ। उक्त व्यवस्थाबाटसमेत उमेर नपुगी भएको विवाह बदर हुने (Void) नभई बदर गर्न सकिने (Voidable) सम्मको कानूनी व्यवस्था रहेको पाइन्छ। तत्कालीन मुलुकी ऐन, विहावरीको महलमा उमेर नपुगी भएको विवाहलाई स्वतः बदर हुने प्रकृतिको विवाहको परिभाषाभित्र राखेको देखिँदैन। प्रस्तुत मुद्दामा प्रतिवादी र पीडितबीच परम्पराअनुसार विवाह गरी विवाह दर्तासमेत गरेको र निजहरूबीच सम्बन्ध बिच्छेद मुद्दा चली सम्बन्ध बिच्छेदसमेत भएको अवस्था देखिएको हुँदा वैवाहिक स्थिति स्थापित भएको अवस्थामा निजहरूबीच करणी लेनदेन भएको पाइयो। वैवाहिक अवस्थामा भएको यौन सम्पर्कलाई जबरजस्ती करणी महलको ३ नं. को देहाय-३ बमोजिम सजाय गर्नु कानूनसँगत हुने देखिएन।

वैवाहिक जोडी बीचमा आपसी सहमतिमा हुन सक्ने करणी अपराधिक मनसाय नभई सामाजिक मूल्य मान्यता, समाज विकासको आधारभूत पक्ष एवम् शारीरिक आवश्यकता भएकोले विवाहित पति पत्नी बीचको आपसी सहमति र भावनाका साथ भएको शारीरिक सम्पर्कभन्दा अन्यथा रूपमा हेरी कसूर कायम गर्नु न्यायोचित हुँदैन। विवाह गरी सँगै बस्ने सहमति गर्नु र विवाह गरी केही समय पीडित र प्रतिवादी सँगैसाथै रहेको अवस्थामा भएको शारीरिक तथा यौनसम्बन्धलाई लिएर जबर्जस्ती करणीजस्तो गम्भीर कसूरमा कठोर सजाय गर्नुसमेत विवेकसम्मत हुने देखिँदैन।

पीडित र प्रतिवादीबीच सम्बन्ध विच्छेद नहुँदासम्म निजहरू बीचको विवाह बदर नभई विवाहबाट पति पत्नी भएको भन्ने तथ्यहरू मिसिल संलग्न निजहरूबीचको विवाह दर्ताको प्रमाणपत्र, झापा जिल्ला अदालतमा पीडितले लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरी पाउँ भनी दायर गरेको फिरादपत्र र सोही मुद्दामा यी पुनरावेदक प्रतिवादी टिका भन्ने चेतन लावती र पीडित नाम परिवर्तन सेलिना सुब्बा (शेर्मा) बीचमा सम्बन्ध

विच्छेद हुने गरी झापा जिल्ला अदालतमा भएको मिलापत्रसमेतले पुष्टि गरेको देखिएकोले परम्पराअनुसार विवाह भएको तथ्य स्थापित भई विवाहित जोडी कायम भएकै अवस्थामा जबरजस्ती करणी गरेमा अन्य अवस्थामा भएको जबरजस्ती करणी गर्ने व्यक्तिलाई हुने सजाय सरह विवाहितहरू बीच भएको जबरजस्ती करणीलाई पनि सजाय गर्नु न्यायोचित हुँदैन। विवाहित जोडीहरूबीचमा करणी भएको तर त्यस्तो करणीमा महिलाको असहमति रहेको देखिएको अवस्थामा तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं.बमोजिमको कसूर कायम गरी ऐ. महलको ३ नं. को देहाय ६बमोजिमको सजाय गर्दा नै न्यायोचित हुने देखिन्छ।

पीडितले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी बकपत्रसमेत गरेको देखिएको, पीडितसँग विवाहपश्चात् करणी गरेको भनी प्रतिवादीले मौकामा बयान गरेको र पीडितको शारीरिक परीक्षणबाट योनीको झिल्ली च्यातिएको भनी परीक्षण प्रतिवेदनमा उल्लेख भएबाट यी पुनरावेदक प्रतिवादीले पीडितलाई मञ्जुरी बेगर जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको १ नं को कसूर गरेको देखिंदा सोही महलको ३ नं. की देहाय ६ बमोजिम सजाय गर्नुपर्ने।

सुरू पाँचथर जिल्ला अदालतबाट प्रतिवादीले सफाइ पाउने तथा मुलुकी ऐन, विहावरीको २ (३) नं. बमोजिम प्रतिवादीलाई रू.१०,०००।- (दश हजार) जरिवाना गर्ने गरी मिति २०६७।१०।१३ मा भएको फैसला उल्टी गरी जबरजस्ती करणीको महलको ३ को देहाय ३बमोजिम प्रतिवादीलाई ८ वर्ष (आठ) कैद सजाय र पीडितलाई क्षतिपूर्ति बापत रू.५०,०००/- (पचासहजार) प्रतिवादीबाट भराई पाउने ठहर गरी पुनरावेदन अदालत ईलमबाट मिति २०६८/०९/०५ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादी टिका भन्ने चेतन लावतीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३ नं. को देहाय ६बमोजिम ३ (तीन) महिना कैद सजाय हुने र ऐ. को १० नं.बमोजिम प्रतिवादीबाट पीडितलाई रू.२५,०००/-(पच्चीस हजार) भराइ दिने ठहर्छ।

वारदात हुँदाको अवस्थामा प्रतिवादीको उमेर १६ वर्ष २ (दुई) दिन भई १८ वर्षभन्दा कम उमेरको देखियो। केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को देहाय (ख२) ले "**मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिता प्रारम्भ हुनु अगावै १६ वर्ष उमेर पूरा भएको र १८ वर्ष उमेर पूरा नभएको व्यक्तिले गरेको कसूरका सम्बन्धमा मुद्दा दायर गर्दा वा फैसला गर्दा मुलुकी अपराध संहिता तथा मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थाबमोजिम हुनेछ...**" भन्ने व्यवस्था रहेको देखिन्छ। ऐ. उपदफा (३) ले खारेज भएको कानून अन्तर्गत भए गरेको काम कारवाही मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता वा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४बमोजिम भए गरेको मानिनेछ भन्ने व्यवस्था गरेको पाइन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीको उमेर १८ वर्ष पूरा नभएको देखिएकोले निज नाबालक भएको देखिँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०७५ आकर्षित हुने नै देखियो। ऐ. ऐनको दफा ३६ को उपदफा (४) मा "**सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने**

**सजायको दुई तिहाई सजाय हुनेछ"** भन्ने व्यवस्था रहेको छ। त्यसैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) को व्यवस्था हेर्दा "**१६ वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ**" भन्ने कानूनी व्यवस्था रहेको देखिँदा यी प्रतिवादीलाई ठहरेको कैद तथा सजायमा दुई तिहाई मात्र सजाय गर्नुपर्ने हुँदा निजलाई ठहरेको ३ (तीन) महिना कैदको दुई तिहाईले हुने २ (दुई) महिना कैद सजाय हुने ठहर्छ।

**[टिका भन्ने चेतन लावती विरूद्ध मननारायण शेर्माको जाहेरीले नेपाल सरकार, मुद्दा:- जबरजस्ती करणी (०७५-CR-१९१५) संयुक्त इजलास फैसला मिति:-२०७८/०६/१४]**

केन्द्रीय बाल न्याय समिति

केन्द्रीय बाल न्याय समिति